# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ११३ | काठमाडौं | बिहीबार, २९ साउन २०८२ | Prabhab National Daily | Thursday, 14 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


झापाको 'बालुवाटार काण्ड'

## ८०० बिघा सार्वजनिक जग्गा हडप्नेहरु दोषी ठहर



गगन पुरी

- व्यक्तिको नाममा सार्वजनिक जग्गा दर्ता गराउने माओवादी नेता गगन पुरी र कर्मचारीहरु दोषी ठहर
- गगनलाई एक वर्ष कैद र २० लाख रुपैयाँ जरिवाना
- अन्यलाई तीन महिनादेखि एक वर्षसम्म कैद र १८ हजारदेखि १८ लाख रुपैयाँसम्म जरिवाना

■ **जेबी योञ्जन**

**काठमाडौं–** विशेष अदालतले झापाको रतुवा र दिपिनी खोला किनारको झण्डै ८०० बिघा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने कार्यमा संलग्न नौ जनालाई भ्रष्टाचारी ठहर गरेको छ । व्यक्तिको नाममा दर्ता भएका ती सबै जग्गा जफत हुने फैसला अदालतले बुधबार गरेको फैसलामा उल्लेख छ ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्यहरू मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापाको इजलासले झापाका माओवादी नेता गगन पुरीसँगै तत्कालीन नापी अधिकृत शशीकान्त झा, नापी अधिकृत रामदेव मण्डल, सर्वेक्षकहरू सिताराम यादव, विन्देश्वर पञ्जियार, विष्णुदेव यादव, रामकुमार दास, गणेशकुमार धिमाल, अमिन ललितकुमार मण्डल र नासु रुद्रप्रसाद श्रेष्ठलाई सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरेको अभियोगमा दोषी ठहर गरेको हो ।

गगन भनिने रेवतराज पुरीलाई एक वर्ष कैद र २० लाख रूपैयाँ जरिवाना तोकिएको छ । पुरी बाहेककालाई तीन महिनादेखि एक वर्ष कैद सजाय तथा १८ हजारदेखि १८ लाख रूपैयाँसम्म बिगो र जरिवाना तिराउन आदेश दिइएको छ । थाहै नभइ आफ्नो नाममा जग्गा नामसारी गरिएका आरोपितहरूले भने सफाइ पाएका छन् । उक्त जग्गा खरिद गरेकाहरूको जग्गा जफत भए पनि उनीहरूलाई बिगो र जरिवाना नहुने भएको विशेष अदालतका प्रवक्ता कृष्णशरण लामिछानेले प्रभावलाई बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १३ फागुन २०८० मा पुरीसहितका विपक्षीहरूलाई जग्गा हिनामिना काण्डमा मुद्दा दायर गरेको थियो । पुरी, कर्मचारीका परिवारको सदस्यविरुद्ध दायर मुद्दामा फैसला बुधबार आएको हो । सरकारी जग्गामा स्वबासी कायम गरिएकोमा एउटा भ्रष्टाचार मुद्दा दायर भएको थियो । खोला किनाराको जग्गा हालसाविक गरेकोमा अर्को मुद्दा दायर भएको थियो ।

विशेष अदालतका अनुसार ३९७ बिघा जग्गा भएको पहिलो भ्रष्टाचार मुद्दामा २८ जना कर्मचारी, ३६ जना जग्गा अतिक्रमणकारीसँगै जग्गा किनेका १०८ जना जग्गाधनीसहित १७२ जना प्रतिवादी थिए ।

क्रमशः पृष्ठ २ मा

रुपन्देही उपनिर्वाचन

# बालेनका सल्लाहकार गिरीले थाले घरदैलो, राप्रपाबाट प्रज्ज्वल बुवाको विरासत जोगाउन सक्रिय

- सन्तोष गिरी काठमाडौंका मेयर बालेन्द्र साहको उपस्थितिमा उम्मेदवारी घोषणाको तयारीमा
- दिवंगत सांसद दीपक बोहोरापुत्र प्रज्ज्वल बुवाको विरासत जोगाउन निर्वाचन क्षेत्रभर गाउँमा खानेपानी, शिक्षा, खेलकुदलगायत सामाजिक कामको सञ्जाल फैलाउँदै
- नेपाली कांग्रेस र माओवादी केन्द्रले उम्मेदवार सिफारिस नै गर्न सकेनन्
- एमालेबाट चार जनाको नाम सिफारिस
- असोज २१ मा उम्मेदवार मनोयन दर्ता, असोज २४ मा अन्तिम नामावली प्रकाशन

■ **दामोदर खनाल**


**सन्तोष गिरी**, स्वतन्त्र


**प्रज्ज्वल बोहोरा**, राप्रपा

**रूपन्देही–** रूपन्देही क्षेत्र नम्बर ३ को उपनिर्वाचन नजिकिँदै गर्दा प्रमुख दललाई उम्मेदवार छान्न मुस्किल भइरहेको छ । साना दल र स्वतन्त्र उम्मेदवारले चुनावी घरदैलो थालिसकेका छन् ।

नेपाली कांग्रेस र माओवादी केन्द्रले उम्मेदवार सिफारिस नै गर्न सकेका छैनन् । कात्तिक १७ गते हुने उपनिर्वाचनका लागि काठमाडौ महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) साह समूह र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रमुख दललाई टक्कर दिनेगरी प्रचार थालेका पाइएको छ । उपनिर्वाचनका लागि नेकपा एमालेले चार, राप्रपाले छ जना र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ९ जनाको 'सर्ट लिस्ट' सार्वजनिक गरेका छन् । स्वतन्त्रबाट मेयर बालेनका खाद्य सल्लाहकार सन्तोष गिरी घरदैलो अभियानमा निस्किएका छन् । डडेलधुरामा अघिल्लोपटक कांग्रेस सभापति शेरबहादुर देउवासँग भिडेका सागर ढकालकोसमेत समर्थन लिएर उम्मेदवारी दिने योजनामा गिरी देखिएका छन् ।

एमाले पृष्ठभूमिका उनी रूपन्देहीको तिलोत्तमा नगरपालिका-६ पश्चिम पहुनीका हुन् । ३५ वर्षीय गिरी एमालेनिकट अनेरास्ववियु रूपन्देहीको सहसचिवसमेत थिए । नेपाल-स्वीस चेम्बर अफ कमर्सका प्रमुख कार्यकारी अधिकृतका रूपमा काम गरिरहेका गिरीले अर्थशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातक (एलएलबी) गरेका छन् ।

उनले स्वतन्त्रबाट धनगढीमा मेयर जितेका गोपी हमालदेखि नेपाल विद्युत् प्राधिकरणका पूर्वप्रमुख कार्यकारी कुलमान घिसिङकोसमेत साथ लिने प्रचार गरेका छन् । काठमाडौंका मेयर बालेनको उपस्थितिमा उम्मेदवारी घोषणा तयारी गरेका उनले रास्वपाकोसमेत आफूलाई साथ रहने दाबी गरे । '२०८४ मा सहकार्य गर्नेगरी हाम्रो टिमबाट अगाडि सारिएका उम्मेदवारलाई रास्वपाले सहयोग गर्ने कुरामा हामी विश्वस्त छौं,' गिरी भन्छन् ।

### प्रज्ज्वलको प्रचार लोभलाग्दो, एमालेको साथ पाउनेमा ढुक्क

यता राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्राप)बाट प्रज्ज्वल बोहोरा आफ्ना दिवंगत बुवा दीपक बोहोराका विरासत थाम्न भन्दै सक्रियता देखाउन थालेका छन् । एमालेको सहयोगमा निर्वाचन जितेका बोहोरा विकासप्रेमी नेताका रूपमा परिचित थिए । निर्वाचन घोषणापूर्व नै घरदैलोमा सक्रिय देखिएका प्रज्ज्वलले उपनिर्वाचन घोषणापछि आफ्नो सक्रियता अझ बढाएका छन् । गाउँमा खानेपानी, शिक्षा, खेलकुदलगायत सामाजिक काममा उनी व्यस्त देखिन्छन् ।

निर्वाचन क्षेत्रभर ३६ वडा छन् । सबै वडामा उनले आफ्नो कार्यक्रमको सञ्जाललाई फैलाएका छन् । यो क्षेत्र सुरक्षित पार्न राप्रपाले दीपकका दुई छोरा प्रज्ज्वल र गौरवसहित छ जनालाई उमेदवारका लागि सिफारिस गरेको छ । हालै रूपन्देहीमा बसेको जिल्ला कार्यसम्पादन समिति बैठकले पार्टी केन्द्रीय सदस्यद्वय वसन्तविक्रम शाही, स्वाती थापा, रूपन्देही अध्यक्ष सागरप्रताप राणा, स्व. बोहोराका छोराहरू गौरव, प्रज्ज्वल र जिल्ला नेता दीलिप मल्लिकको नाम सिफारिस गरेको हो ।

अघिल्लो निर्वाचनमाझैं एमालेले यसपटक पनि आफ्नो दललाई सहयोग गर्नेमा राप्रपा ढुक्क देखिन्छ । गत मंगलबार भैरहवामा राप्रपा रूपन्देही क्षेत्र न ३ को आयोजनामा भएको क्षेत्रीय कार्यकर्ता भेलामा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले यसमा ढुक्क रहन कार्यकर्तालाई ढाडस दिए ।

एमालेसँग विगतको सहकार्य पाँच वर्षका लागि भएको उल्लेख गर्दै लिङ्देनले भने, 'हिजो दीपक दाइको जितमा एमाले कार्यकर्ताले साथ दिनुभयो यसपटक पनि सहयोग गर्नुहुने छ भन्ने विश्वास छ ।'

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## इजरायल जान छनोट भएका केयर गिभरको स्वास्थ्य परीक्षण हुँदै

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** इजरायलले दीर्घकालीन स्याहार केन्द्रको सहायक कामदार (केयर गिभर) का रूपमा जानका लागि छनोट भएका दोस्रो लटका उम्मेदवारको स्वास्थ्य परीक्षण गराउन अनुरोध गरेको छ । त्यहाँको जनसंख्या, आप्रवासन तथा सीमा प्राधिकरण (पिवा)ले तोकिएका १४० जनाको स्वास्थ्य परीक्षण माग गरेको वैदेशिक रोजगार विभ(ागले सूचनामार्फत जानकारी दिएको छ ।

स्वास्थ्य परीक्षण गराउनुपर्ने सूचीमा १०० जना महिला र ४० जना पुरुष रहेका छन् । पहिलो लटका उम्मेदवार लगिसक्न लागेकाले दोस्रो लटकाहरूलाई तयारी अवस्थामा राख्न स्वास्थ्य परीक्षण गर्न भनिएको विभागका जिटुजी शाखा हेर्ने निर्देशक गिरिराज ज्ञवालीले बताए । 'उनीहरूको मेडिकल र पिडिओटी हुँदा नहुँदै पहिलो लटको सबैजना उडिसक्लान् । उताबाट भनेको बेला उपलब्ध गराइदिनुपर्छ हामीले,' ज्ञवालीले भने ।

उम्मेदवारलाई पाँच समूहमा विभाजन गरी आफ्नो क्रम संख्याअनुसार तोकिएको संस्थामा स्वास्थ्य परीक्षण गराउन भनिएको छ । क्रम संख्या एक देखि २८ ले क्रिस्टल डाइग्नोस्टिक प्रालि, २९-५६ ले हचाम्स अस्पताल, ५७-८४ ले स्टार अस्पताल, ८५-११२ ले मनमोहन मेडिकल कलेज तथा शिक्षण अस्पताल र ११३-१४० ले नेपाल मेडिसिटी अस्पतालमा परीक्षण गराउनुपर्ने सूचनामा उल्लेख छ । परीक्षण आज साउन २९ गते गराउनुपर्ने भनिएको छ । स्वास्थ्यपरीक्षणमा उत्तीर्ण भएपछि पूर्वप्रस्थान अभिमुखीकरण (पिडिओटी) तालिम दिइन्छ र इजरायलका रोजगारदाताबाट करार सम्झौता आउने क्रम सुरु हुन्छ । इजराजयमा श्रमिकको मागअनुसार नामावली आउने भएकाले बाँकी रहेकाहरूको नामावली प्रकाशन गर्दै जाने भनिएको छ ।

२०८१ असार ११ गतेको विज्ञापनमा चार हजार २४ जनाले अनलाइनमार्फत फाराम भरेका थिए । तीमध्ये तीन हजार ४६१ वटा आवेदन स्वीकृत भएको थियो । त्यसपछि चिट्ठा प्रणालीबाट दुई हजार ११२ जना छनोट भएका थिए । उनीहरूमध्ये पहिलो लटका एक हजार जनाको स्वास्थ्य परीक्षण गर्दा ९२३ जना सफल भएका थिए भने चार जना पिडिओटीमा अनुपस्थित भएका थिए । यसर्थ पहिलो चरणमा ९१९ जना छानिएका थिए ।

क्रमशः पृष्ठ २ मा

## अबुधाबीमा वैधानिकीकरण सेवा नियमित बनाइँदै

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)मा कार्यरत नेपाली श्रमिकको वैधानिकीकरण श्रम स्वीकृति सेवा यही अगस्ट १८ तारिखबाट नियमितरूपमा हुने भएको छ । हाल युएईको अबुधाबी इमिरेट्समा कार्यरत नेपालीहरूले मात्र यो सेवा पाउने युएईस्थित नेपाली राजदूतावासले जारी गरेको सूचनामा जनाइएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको निर्देशिका अनुसार सन् २०२४ को सेप्टेम्बर ३० सम्म रोजगारीका लागि भिसा प्राप्त भई युएईमा कार्यरत नेपाली श्रमिकलेमात्र वैधानिक हुन पाउने सूचनामा उल्लेख छ ।

गैरकानुनीरूपमा रहेका श्रमिकको श्रम स्वीकृति र कानुनी मान्यता नहुँदा विभिन्न सेवा सुविधाबाट वञ्चित हुने गरेकाले जुनसुकै तवरबाट वैदेशिक रोजगारीमा गएका श्रमिकलाई सरकारले सहयोग गर्नुपर्ने नीतिअनुरूप यो प्रक्रिया थालिएको मन्त्रालयले बताउँदै आएको छ ।

मन्त्रालयले त्यहाँ अवैधानिकरूपमा कार्यरत श्रमिकको वैधानिकीकरणका लागि निर्देशन दिएसँगै दूतावासले गत साउन १ गतेबाट प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार सेवा दिइने जनाएको थियो । अब भने उक्त सेवा नियमित बनाइने भएको छ ।

सूचनाअनुसार श्रमिकहरूले उक्त सेवा सोमबारदेखि शुक्रबारसम्म अपराह्न २ देखि ३ बजेसम्म दिइने जनाइएको छ । अन्य इमिरेट्सको हकमा भने सूचना प्रकाशन भएपछि सेवा दिइने दूतावासको सूचनामा उल्लेख छ ।




# आयुर्वेद चिकित्सालयमा आकर्षण

**तनहुँ (प्रस)–** जिल्लामा आयुर्वेद सेवातर्फ सर्वसाधारणको आकर्षण बढ्दै गएको छ । प्रदेश आयुर्वेद चिकित्सालय तनहुँमा एक वर्षमा ५९ हजार ७१ सर्वसाधारणले सेवा लिएका छन् ।

गत आर्थिक वर्षमा चिकित्सालयबाट २१ हजार १८३ महिला र ३७ हजार ८८८ पुरुषले आयुर्वेद सेवा लिएका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाइँले जानकारी दिए । गत आव २०८०/८१ मा २० हजार र आव २०७९/८० मा १९ हजार २१७ जनालाई सेवा प्रदान गरिएको थियो ।

कार्यालयले बिहान ६ बजेदेखि ११ बजेसम्म स्नेहन, श्वेदन, बस्ती कर्म, नस्य, जलनेती र शिरोधारा सेवा प्रदान गर्दै आएको छ । पछिल्ला केही वर्षयता जिल्लामा आयुर्वेद चिकित्साबाट गरिने उपचार पद्धतिमा सर्वसाधारणको विश्वास बढ्दै गएको चापागाइँले उल्लेख गरे । उनका अनुसार केन्द्रमा ढाड दुख्ने समस्या भएका बिरामीलाई लक्षित गरी थेरापी गर्ने उपकरण पनि सञ्चालनमा आएको छ ।

गण्डकी प्रदेशको सहयोगमा कार्यालयले थेरापी उपकरण खरिद गरेर सञ्चालनमा ल्याएपछि ढाड तथा हड्डीसम्बन्धी समस्या भएका बिरामी आउने क्रम बढेको उनले बताए । 'हाडजोर्नी, नशा च्यापिएका बिरामीको आकर्षण आयुर्वेदमा बढ्दै गएको छ,' उनले भने ।

कार्यालयले उपचारमा उपयोगी पञ्चकर्म, फिजियोथेरापी तथा क्षारसुत्र सञ्चालनमा ल्याएको छ । पाइल्स, फिस्टुला, फिसरलगायत रोगको उपचारमा प्रभावकारी मानिएको क्षारसुत्र विधि सञ्चालनमा ल्याइएको कविराज निरीक्षक चापागाइँले जानकारी दिए । उनका अनुसार बिरामीको आवश्यकता र रोगअनुसारको दैनिक योग पनि सञ्चालन हुँदै आएको छ । आर्युर्वेदिक स्वास्थ्य सेवाप्रति सर्वसाधारणको आकर्षण बढेसँगै कर्मचारीको सीप, उत्साह र जाँगरमा वृद्धि भएको चापागाइँको भनाइ छ ।

गत एक वर्षको अवधिमा बहिरंग (ओपिडी) तर्फ १५ हजार ९३२, ज्येष्ठ नागरिक सेवातर्फ चार हजार २२८, योगसेवातर्फ १४ हजार ११९, पूर्वकर्म, पञ्चकर्म सेवातर्फ १६ हजार ३७६, स्तनपायी आमा तथा शिशु सेवातर्फ १८८, क्षारसुत्र सेवातर्फ ३३, प्रयोगशाला सेवातर्फ दुई हजार ३४०, फिजियो थेरापीतर्फ पाँच हजार ६२१ र बाँकीले शिरोधारातर्फको सेवा लिएका उनले जानकारी दिए ।

चिकित्सालयले पतञ्जली योग समितिसँग समन्वय गरी कार्यालयको योगहलमा स्वस्थ जीवन कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यस्तै जिल्लाका स्थानीय तह, सरोकार भएका निकायलगायत अन्य निकायसँग निरन्तर समन्वय र सहकार्य गर्दै आयुर्वेदिक उपचार प्रणालीको प्रवर्द्धन गरिरहेको चापागाइँले उल्लेख गरे । उनका अनुसार कार्यालयमा एक आयुर्वेद चिकित्सक, एक कविराज, दुई वैद्य, एक सहलेखापाल र दुई कार्यालय सहयोगी कार्यरत छन् ।

# कर्णाली सरकारले विपन्नको स्वास्थ्य उपचारार्थ यातायात खर्च दिने

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले नागरिकको स्वास्थ्य समस्या समाधानमा विशेष प्राथमिकता दिएको छ । मानव स्वास्थ्य बचाउन र नागरिकलाई स्वास्थ्य जाँचका लागि अस्पतालसम्म पुग्ने तथा फर्किने क्रममा हुने आर्थिक अभाव परिपूर्ति गर्न सरकारले सहयोग गर्ने भएको हो ।

सरकारले 'विपन्न तथा असहाय नागरिकका लागि स्वास्थ्य उपचार तथा यातायात खर्च' कार्यक्रम सञ्चालन गरेको छ । सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले चालु आर्थिक वर्ष २०८२/८३ मा बेसाहारा, असहाय र विपन्नलाई यातायात खर्च सुविधा उपलब्ध गराइ स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गराउने उद्देश्यले कार्यक्रम ल्याइएको बताए । 'जसको कोही छैन, उसका लागि सरकार छ भन्ने अनुभूति नागरिकलाई गराउन चाहान्छौं,' उनले भने, 'यसले विपन्न, असहाय र बेसाहारा नागरिकलाई मलमपट्टी लगाउने छ ।' मन्त्री भण्डारीका अनुसार प्रदेश अस्पताल सुर्खेतमा उपचार गर्ने क्रममा दुर्गमता र भौगोलिक विकटताका कारण आर्थिक अभावले अस्पताल आउन तथा जान समस्या परेका नागरिकलाई दूरीका आधारमा पाँच हजार रूपैयाँदेखि २० हजार रूपैयाँसम्म यातायात सुविधा खर्च प्रदान गरिने छ ।

यद्यपि, सेवाग्राहीले भने वडाको सिफारिस र अस्पतालबाट घर जान नसक्ने बिरामीको सिफारिस गरेको पत्र लिएर मन्त्रालयमा निवेदन दिनुपर्ने छ । चालु आवमा यो कार्यक्रमका लागि २५ लाख रूपैयाँ बजेट छुटयाइएको र आवश्यकताका आधारमा बजेट थप्ने जनाउँदै उनले कार्यक्रमको प्रभावकारितालाई हेरेर आगामी वर्षमा १० जिल्लाका अस्पतालबाट भुक्तानी दिने प्रबन्ध मिलाइने बताए ।

मन्त्रालयका सचिवको संयोजकत्वको चार सदस्यीय समितिले स्वीकृत निर्देशिकाबमोजिम तोकिएका जिल्लाबाट आउने बिरामीको रोगभारका आधारमा रकम बाँडफाँट गरी भुक्तानीका लागि निर्णय गर्ने छ ।

पृष्ठ १ बाट क्रमशः

## प्रज्ज्वलको प्रचार...

एमालेले खिमलाल भट्टराई, व्यवसायी शशी पौडेल, भैरहवाका यज्ञजित साह र सिद्धार्थनगर नगरपालिकाका पूर्वमेयर हरि अधिकारीको नाम जिल्लालाई सिफारिस गरेको छ । गत चुनावमा कांग्रेसलाई लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले सघाउँदा राप्रपालाई जनता समाजवादी पार्टी (जसपा) नेपालले सघाएको थियो । नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीमात्र त्यहाँ चुनाव लडेका थिए । नागरिक उन्मुक्तिलाई चौथो मत प्राप्त भएकोले यसपटक लोसपा, जसपा नेपालले नागरिक उन्मुक्तिलाई सघाउने चर्चा छ ।

यस्तै राष्ट्रिय जनमोर्चाले वामपन्थी नेता तथा राष्ट्रिय जनमोर्चाका केन्द्रीय सल्लाहकार बद्रे आलमलाई उम्मेदवार बनाउने भएको छ । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले असार २९ गते प्रेस विज्ञप्ति जारी गर्दै रूपन्देही-३ को उपनिर्वाचनमा केन्द्रीय सल्लाहकारसमेत रहेका आलमलाई उम्मेदवार बनाउने घोषणा गरेका हुन् ।

२०७९ को चुनावमा समानुपातिकतर्फ नेपाली कांग्रेसले २० हजार २७८, एमालेले १६ हजार ९८६ मत, रास्वपाले १४ हजार १५४, राप्रपाले नौ हजार १८३ मत ल्याएका थिए । यस क्षेत्रमा तत्कालीन गृहमन्त्री बालहृष्ण खाणलाई हराउँदै राप्रपा नेता बोहोरा निर्वाचित भएका थिए । उक्त निर्वाचनमा बोहोराले ३६ हजार ७१७ र खाणले ३४ हजार ३६ मत पाएका थिए । गत चैत १९ मा बोहोराको निधन भएपछि यस क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो ।

रास्वपाबाट सुलभ खरेल, पाधिवेन्द्र उपाध्याय, डा. लेखजंग थापा, ज्ञानु पौडेल, जीतबहादुर गुप्ता, कुसुम महर्जन, रचना क्षेत्री, पुनमकुमारी अग्रवाल र मधुप्रसाद आचार्यले आवेदन दिएका छन् ।

आगामी असोज २१ गते बिहान १० देखि ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने र सोही दिन साँझ उम्मेदवारको सूची प्रकाशन हुने कार्यतालिका निर्वाचन आयोगले तय गरेको छ ।

असोज २४ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने छ । कात्तिक १७ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने छ । प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा नाम समावेश भएको व्यक्ति उम्मेदवार हुन नपाउने आयोगले जनाएको छ ।

■■■

## ८०० बिघा...

३८४ बिघा जग्गा हिनामिना भएको दोस्रो मुद्दामा नौ जना कर्मचारी, ६५ जना जग्गा अतिक्रमणकारी र जग्गा किनेका ११३ सहित कूल १८७ जना प्रतिवादी थिए । पहिलो मुद्दाका अधिकांशको नाम दोस्रो मुद्दामा थियो ।

स्थानीयवासीका अनुसार २०३८ सालमा ठूलो बाढी आयो । बाढीले धेरैलाई विस्थापित गर्‍यो र सुकुम्बासी भए । सोही जग्गा अतिक्रमणकारी माओवादी नेता पुरीसहितले व्यक्तिको नाममा दर्ता गराएका थिए । त्यसपछि छानबिन गरेर अख्तियारले उनीविरुद्ध छ करोड दुई लाख रूपैयाँ बिगो मागदाबी गरेको थियो । उनकी पत्नीमाथि पाँच करोड ७० लाख रूपैयाँ भ्रष्टाचार गरेको अभियोग लगाएको थियो ।

२०२१ सालमा नापी हुँदा फिल्डबुक र जग्गाधनी श्रेस्तामा उक्त जग्गा सार्वजनिक प्रकृतिको देखिएको उल्लेख छ । तर, सोही जग्गा नापी हुँदा झुक्याएर हालसाविक गरी व्यक्तिको नाममा दर्ता भएको अख्तियारको आरोप थियो । यो पहिलो मुद्दा (३९७ बिघा) को हो ।

दोस्रो मुद्दा (३८४ बिघा) व्यक्तिको नाममा दर्ता भएको भन्दै अख्तियारले रतुवा र दिपीनी खोला दोभानको उत्तरतर्फको भागमा जग्गा नापी गर्ने क्रममा स्वबासीको नाममा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भएको दाबी गरेको थियो ।

अख्तियारका अनुसार प्रक्रिया मिचेर सार्वजनिक जग्गा स्वबासी भनी परिभाषित गरी व्यक्तिको नाममा दर्ता भएको थियो । त्यसरी अतिक्रमित भएको जग्गामा माओवादी झापाका नेता पुरीले पार्टी कार्यालय नै खोलेका थिए । उनै पुरी २०७९ मा भएको प्रदेशसभाको निर्वाचनमा झापा-५ 'ख'बाट चुनाव लडेका थिए । तर, उनी चुनावमा हारे । उनै पुरी भ्रष्टाचारी ठहर भएका हुन् । उनको परिवारले २०७० यता घरजग्गा बिक्री गरेको खुलेको छ ।

यो घटनाको २०७६ माघमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले रतुवा खोला किनाराको जग्गा अतिक्रमणबारे छानबिन गरेको थियो ।

■■■

## इजरायल जान...

इजरायलले आवेदन आह्वान गरेको आठ महिनापछि विभिन्न प्रक्रिया पूरा गरेर गत फागुनबाट श्रमिक लग्न थालेको हो । जसमध्ये हालसम्म ७०० भन्दा बढीको भिसा प्राप्त भइसकेको निर्देशक ज्ञवालीले बताए । बाँकीको करार सम्झौता आउने क्रम जारी छ ।

हालसम्म जिटुजीमार्फत केयर गिभरका रूपमा कामदारहरू गइरहेका छन् । इजरायलले निर्माण र कृषि क्षेत्रमा पनि नेपाली कामदार लैजाने भनेको थियो । यस विषयमा अहिले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सम्बन्धित महाशाखाको संयोजकत्वमा निर्देशिकाहरू बन्ने क्रममा रहेको जनाइएको छ ।

गत आर्थिक वर्ष २०८१/८२मा जिटुजीमार्फत ६३९ जना इजरायल गएका थिए । त्यसैगरी, संस्थागत माध्यमबाट १४९ र पुनः श्रम स्वीकृति लिएर ५५४ जना गरी एक हजार ३४२ जना गएका थिए । जसमा ८१६ जना महिला र ५२६ जना पुरुष रहेका छन् ।

इजरायलले बच्चा, युवा तथा ६५ वर्ष नाघेका गम्भीर अपांगता भएकाहरूको स्याहारका लागि नेपालबाट केयर गिभर लग्दै आएको छ । त्यहाँ जाने कामदारले प्रत्येक दिन सात घण्टाका दरले हप्ताको छ दिन काम गर्नुपर्छ । अतिरिक्त काम गरे त्यसबापतको छुट्टै पारिश्रमिक पाइन्छ । इजरायलमा प्रतिमहिना एक जना श्रमिकले पाँच हजार ८८० इजरायली सेकेल अर्थात् दुई लाख रूपैयाँभन्दा बढी तलब पाउँछन् ।


### काठ शिलवन्दी बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८२/04/२९ गते**

पशुपति सा.व.उ.स., माई न.पा. १ र ३ इलामको वनबाट आ.व. २०८२/०८३ मा उत्पादन भई समुहको घाटगद्धीमा लट बनाई राखिएका काठहरु डि.व.का. इलामको च.नं. ४५८ मिति २०८२/०४/२२ गतेको लिलाम सहमती अनुसार जम्मा साल गोलिया थान ४३ को ४३१.१८ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र खरिद गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री पशुपति सा.व.उ.स.**
**माई न.पा. १ र ३, इलाम**

### दाबी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

**प्रकाशित मिति : २०८२/04/२९**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Al Zahra Human Resources Consultancy Pvt. Ltd.** (ई.प.नं.1657/080/81) ले यस विभाग समक्ष संस्थाको रजिष्टर्ड कार्यालयको ठेगानालाई तपसिल बमोजिम स्थानान्तरण गरि पाउँ भनि निवेदन आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वैदेशिक रोजगार विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन मिति २०८२/०४/२८ को निर्णयानुसार अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| साविक ठेगाना | अब कायम हुने नयाँ ठेगाना |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.०९ | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१० |

### प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको
श्री लर्ड बुद्ध कलेज (लर्ड बुद्ध एकेडेमी सेन्टर) गोंगबु, काठमाण्डौको नाम परिवर्तन सम्बन्धमा
३५ दिने हकदावी उजुरी सम्बन्धी जरुरी सूचना !
प्रकाशित मिति २०८२/ ०४/ २९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बाट ३ वर्षे डिप्लोमा/प्रमाण - पत्र तहका सामान्य चिकित्सा, फार्मेसी र फरेष्ट्री कार्यक्रमको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री लर्डबुद्ध कलेज (लर्डबुद्ध एकेडेमी सेन्टर) गोंगबु, काठमाण्डौले संस्थाको नाम परिवर्तन गरी श्री एमिटी ग्लोबल एजुकेशन, गोंगबु - ०८, काठमाण्डौ कायम गराई पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९औं बैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्य टोली बैठकको मिति २०८२/०३/३० गतेको निर्णयानुसार नाम परिवर्तन सहमति/स्वीकृति प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति कार्यक्रम प्रति कोही कसैको हकदाबी विरोध गुनासो आदि भए सो सूचना अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स - प्रमाण लिखित जानकारी गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि माग भई आए अनुसार संस्थाको नाम परिवर्तन भई नयाँ नाम श्री एमिटी ग्लोबल एजुकेशन, गोंगबु - ०८, काठमाण्डौ (E) कायम हुने र म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना द्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**सम्पर्कका लागि**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर । फोन नं. ०१ - ६६३०४०८

### UAE मा रोजगार — Western Bainoona Group for General Contracting-LLC- SPC

पुन विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/१/२४ चलानी नं. : ६०२३७२४० LT No.: 323312

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Maintainance Mechanic General | 67 | 0 | काममा दक्ष | 800 | 30,२४५/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने भिषा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | [illegible] | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ भाद्र ५ गते (21 Aug., 2025) यस प्रा. लि. को कार्यालय सिनामंगल काठमाडौंमा हुनेछ ।

[illegible]

Golden Gateway International Pvt. Ltd. Govt. License No.: 1443/074/75
Sinamangal-9 (Tara Marg), Kathmandu, Ph. No.:01-4565324
Email : info@gginepal@gmail.com Web: www.gginepal.com.np

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०४।२७ गते काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. ०८ माकलबारी स्थित घर अगाडी पार्किङ गरिराखेको रातो, कालो रङ्को पल्सर २२० FABS मोटरसाइकल साँझको अन्दाजी ७:१० देखि ७:१२ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : दिपक गिरी**
**बाइक नं.: बा.प्र. ०२-०५९ प ३०६२**
**च्यासिस नं.: MD2A13EX45CB83359**
**इन्जिन नं. : DKXCSB25063**
**ठेगाना : काठमाडौं, गोकर्णेश्वर न.पा ८, माकलबारी**
**सम्पर्क नं. ९७०५५४७८३८**

### साउदीमा रोजगार — कम्पनी : JAZWA HOLDING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/२७ LT. No. 329141 चलानी नं. ६०२४२९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1400 | ५२,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ५ गते (21st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN) Govt. License No. 1440/074/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com

### युएइमा रोजगार

कम्पनी : ALTAMIRAT PLUS TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८२/04/२७ LT. No. 329010 चलानी नं.६०२४२९६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 6 | 0 | 1900 | ७२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ATS ALI TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८२/04/२७ LT. No. 329009 चलानी नं.६०२४२९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 4 | 0 | 1600 | ६१,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAQDEES TECHNICAL SERVICES L.L.C S.O.C
पूर्व स्वीकृति मिति : २०८२/04/२७ LT. No. 329007 चलानी नं.६०२४२९६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Assistant | 6 | 0 | 1600 | ६१,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UFAQ ALFALAK TECHNICAL SERVICES CO.L.C.C S.O.C
पूर्व स्वीकृति मिति : २०८२/04/२७ LT. No. 329008 चलानी नं.६०२४२९६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 2 | 0 | 1500 | ५७,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 2 | 0 | 1500 | ५७,२९० | | | | | | | |
| 3 | Assit. Plumber | 2 | 0 | 1200 | ४५,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ५ गते (21st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1048/073/074
C. D. HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262
E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com

### THAHA MUNICIPALITY
### OFFICE OF MUNICIPAL EXECUTIVE
**Indrayanichaur,Makawanpur**

**Invitation for E-Bid**

**Date of publication: 14-08-2025(29-04-2082)**

1. *Thaha Municipality* invites electronic bid from eligible bidders for the ***below mentioned works*** under National Competitive Bidding procedures.

| Identification no: | Work Description | Total amount without VAT | Bid security amount (Rs) | Cost of Bidding Document | Bid validity/Bid Bond Validity Period | Last Date of Submission |
|---|---|---|---|---|---|---|
| LOC/NCB/Goods/SEQ-01/082/83 | Jai Ghas ko Biu Kharid | **13,99,999.99** | 35,000.00 | 3000 | 90 days days from last date of bid submission | 29/08/2025 until 12:00pm |

2. The details of the project is as follows:
3. The employer has right to accept or reject the bid whatsoever

**For other details please visit bolpatra.gov.np/egp**

**Chief Administrative Officer**


# एक वर्षमा काठमाडौंमा २७ सय आगलागीका घटना

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो एक वर्षको अवधिमा काठमाडौं जिल्लामा दुई हजार ७०० भन्दा बढी आगलागीका घटना भएका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंमा गत आर्थिक वर्ष २०८१/८२ मा कूल दुई हजार ७२२ वटा आगलागीका घटना दर्ता भएका छन् ।

त्यसमध्ये सबैभन्दा बढी बिजुलीको पोल र ट्रान्सफर्मर तथा घर/कोठा र मिटरबक्समा विद्युत् 'सट', भएर आगलागी भएका छन् । एक वर्षको अवधिमा बिजुलीका पोल र ट्रान्सफर्मर आगलागीका एक हजार ८७६ र घरमा ४०७ वटा आगलागी भएको काठमाडौं परिसरले जनाएको छ ।

यस्तै ग्यास चुहावट भएर ४५, वन जंगलमा ६८ र अन्य कारणबाट ३२६ वटा आगजनीको घटना भएको परिसरका वरिष्ठ प्रहरी उपरीक्षक विश्व अधिकारीले जानकारी दिए । आगलागीको जानकारी पाउनासाथ तत्काल अन्य निकायसँग समन्वय गरेर प्रतिकार्यमा प्रहरी जनशक्ति खटिइएको उनको भनाइ छ ।




### ४२ प्रतिशत घटनामा पाँच मिनेटभित्रै प्रहरी घटनास्थलमा

'प्रहरी कन्ट्रोल रुम'मा अपराधसम्बन्धी सूचना प्राप्त हुनेबित्तिकै परिसर मातहतका युनिटबाट सम्बन्धित स्थानमा परिचालित हुने व्यवस्था मिलाइएको प्रमुख अधिकारीले बताए । पछिल्लो एक वर्षमा ४२ प्रतिशत घटनामा प्रहरी पाँच मिनेटभन्दा कम समयमा सम्बन्धित स्थानमा पुगेको उनले जानकारी दिए ।

यस्तै २४ प्रतिशत घटनामा १० मिनेट, २१ प्रतिशत घटनामा १५ मिनेट, नौ प्रतिशत घटनामा २० मिनेट, दुई प्रतिशत घटनामा २५ मिनेट, एक प्रतिशत घटनामा ३० मिनेटभित्र प्रहरी सम्बन्धित स्थलमा पुगेर शान्ति सुरक्षालाई सुव्यवस्थित बनाउने गरेको कार्यालयले जनाएको छ । केही घटनामा भने ३० मिनेटभन्दा बढी समय लागेको तथ्यांकमा उल्लेख छ ।

ट्राफिक जाम, घटनास्थलको पहिचान, सूचनाको विश्लेषण र प्राथमिकीकरणका कारण केही स्थानमा पुग्नका लागि समय लागेको जानकारी दिँदै जतिसक्दो चाँडो घटनास्थलमा पुगेर परिस्थितिलाई नियन्त्रणमा लिन प्रहरीले विभिन्न उपाय अवलम्बन गरिरहेको प्रमुख अधिकारीको भनाइ छ । प्रहरी हटलाइन, एसएमएस, सिसिटिभी, सामाजिक सञ्जाल, प्रहरी मोबाइल एप, रेडियो सेट, कार्यालय तथा व्यक्तिगत फोन सम्पर्क तथा व्यक्ति स्वयं उपस्थित भई प्रहरीमा सूचना आउने गरेको छ । गत वर्षमात्रै काठमाडौं प्रहरीमा चार लाख २८ हजारभन्दा बढी अपराधका सूचना प्राप्त भएको थियो ।

### सबैभन्दा बढी धर्ना र विरोध काठमाडौंमा

प्रहरी तथ्यांकले धर्ना, विरोध ऱ्याली, अनसन र तालाबन्दीलगायत सुरक्षा चुनौतीका घटना काठमाडौंमा भएको देखाउँछ । गत वर्ष नेपालभर भएका धर्नामध्ये काठमाडौंमा ४२.७३ प्रतिशत र विरोध ऱ्याली २१.६१ प्रतिशत तथा उपत्यकाभित्र काठमाडौंमा मात्रै ८१.६८ प्रतिशत धर्ना र ७४.०६ प्रतिशत विरोध ऱ्याली भएका छन् । त्यस्ता धर्ना, विरोध प्रदर्शन, विरोध ऱ्याली, तालाबन्दीलगायत घटना नियन्त्रणमा लिन तीन लाख ८६ हजार ९४० प्रहरी जनशक्ति परिचालित गर्नुपरेको परिसरले जनाएको छ ।

गत वर्ष काठमाडौंमा शिक्षक, सहकारी, स्वर्गद्वारी, पूर्वराजा समर्थित विरोध, समाजवादी मोर्चा र व्यवस्था विरोधी राजनीतिक दल तथा समूहको विरोध प्रदर्शनलगायतका घटना भएका थिए ।

# कैलाली घटनाको निष्पक्ष छानबिन गर्न निर्देशन

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानवअधिकार समितिले कैलालीस्थित कारागार कार्यालय परिसरभित्र यही साउन २३ गते भएको घटनाको निष्पक्ष छानबिन गरी दोषीउपर कानुनबमोजित कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको बुधबार यहाँ बसेको बैठकले सो घटनामा पीडितलाई नियमानुसार क्षतिपूर्ति उपलब्ध गराउने आवश्यक प्रबन्ध गर्न पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई निर्देशन दिएको हो ।

समितिले भनेको छ, 'देशका विभिन्न जिल्लामा अवस्थित कारागारहरूमा समय-समयमा हुने गरेका यस्ता झडप तथा कुटपिटका घटना दोहोरिन नदिन कारागार प्रशासनलाई थप जिम्मेवार बनाउने र कैदीबन्दीमध्येबाट नेतृत्व छनोट गरी कारागारभित्रको आन्तरिक व्यवस्थापनको जिम्मेवारी दिने प्रावधानको पुनरावलोकन गर्न समिति सरकारलाई निर्देशन गर्दछ ।'

अपराधको प्रकृति, बन्दीको संख्या र स्वभावअनुसार फरक-फरक ब्लक वा कारागारमा राख्ने, कैदीबन्दीलाई श्रम र उत्पादनसँग जोड्नेलगायत विषयसहितको आवश्यक रणनीति तय गरी प्रभावकारी कार्यान्वयन गर्न पनि समितिले निर्देशन दिएको छ ।

समितिकी सभापति विमला सुवेदीले भनिन्, 'कारागार प्रशासनको सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित नीतिगत, कानुनी तथा संरचनागत प्रबन्धहरूमा समयसामयिक सुधार गर्न, कारागारभित्र आवश्यक भौतिक संरचना निर्माण गर्न र प्रत्येक प्रदेशमा कम्तीमा एक/एक वटा नमूना कारागार निर्माण गर्न, क्षमताभन्दा बढी कैदीबन्दी राख्न नपर्ने अवस्था सुनिश्चित गर्न समितिले सरकारलाई निर्देशन गर्दछ ।'

# ५५ वटा आधारभूत अस्पताल सञ्चालनमा ल्याउने तयारी

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले निर्माण सम्पन्न भएर हस्तान्तरण भइसकेका ५५ वटा आधारभूत अस्पताल सञ्चालनमा ल्याउन तीनै तहका सरकार आपसी समझदारीका साथ अघि बढिरहेका बताएका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिँदै मन्त्री पौडेलले देशभर निर्माण सम्पन्न भई स्थानीय तहलाई हस्तान्तरण भएका अन्य अस्पतालहरू पनि सञ्चालनमा ल्याउने गरी कार्यक्रम अघि बढाइएको जानकारी दिए । यी आधारभूत अस्पतालहरूमा चिकित्सक र उपकरण पुऱ्याउने तयारी भइरहेको उनले बताए ।

बैठकको प्रश्नोत्तर कार्यक्रममा उनले मन्त्रालयबाट प्रतिबद्धता गरिएका दायित्वहरू प्रक्रियागत ढंगबाट समयमा सम्पन्न गरिएको दाबी गरे । कतिपय अस्पताल भने प्रक्रियागत विषय टुंगो लाग्न बाँकी रहेकाले सञ्चालनमा ल्याउन नसकिएको उनको भनाइ छ ।

'बाहिरबाट भवन उभिएको देख्छौं । तर त्यस्ता भवनहरू हस्तान्तरण नभएका, निर्माण सम्पन्न नभएका, मुद्दा परेकालगायत अनेकौं समस्याहरू छन्,' मन्त्री पौडेलले भने, 'प्रक्रियागत विषयहरू नटुंगिएका कारण आधारभूत अस्पताल सञ्चालनमा ल्याउन सकिएको छैन ।'

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७०/०४/१४ मा दर्ता भएको श्री **जन कल्याण पशुपति खाद्य प्रा. लि. (प्रा. लि. नं. ११४५७१)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

## लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित सूचना २०८२/०४/२७**

यस विद्यालयको जग्गाबाट संकलन भएको सिमल, टिटमणी, सिसौ, जामुन, खयर, गोलिया काठ जम्मा थान १७८१ को परिमाण ५०९८.५७ क्यु.फि. र १५ चट्टा दाउरा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी प्रचलित कानुन अनुसार लिलाम बिक्रि गर्नुपर्ने भएकोले सम्बन्धित सबैमा २१ दिने सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि कार्यालय समयमा यस विद्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

**श्री बालज्योती मा.वि., वे.न.पा.-४, बैतडा, कञ्चनपुर**

---

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**दोश्रो पटक सूचना प्रकाशन मितिः २०८२/४/२९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०।०८१ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान २८ को ३१९.३७ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**नमो:बुद्ध सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ६, मकवानपुर**

---


## साउदीमा रोजगार

कम्पनी : RAIT THARAWAT

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 328909 | चलानी नं. ६०२४१८१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL FARM WORKER (DAIRY) | 1 | 0 | 1800 | ६७,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ५ गते (21st Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदबारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.** श्रम इजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

## युएइमा रोजगार

कम्पनी : AZZURRO BUILDING CLEANING AND PEST CONTROL LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/२८ | LT. No. 320313 | चलानी नं. ६०२३४४५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 50 | 100 | 800 | ३०,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ५ गते (21st Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदबारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. 267/058/059
Kupondole, Kandevthasthan, Lalitpur, Nepal, Tel: +977 5010657/5010658, Mob: +977-9709080607/ +977-9709073655/ +977-9709080637/ +977-9709080617/ +977-9851110257, Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com

## कुवेतमा रोजगार

कम्पनी : CASA PERFUMES AND INCENSE WHOLESALE COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०४/२७ | चलानी नं.: ६०२४२९२३ | LT.No.: 329031

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 0 | 4 | स. काममा दक्ष | 120 | ५४,९६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## युएईमा रोजगार

कम्पनी : ARCADIA GENERAL CONTRACTING & TRANSPORTING | शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/२६ | चलानी नं.: ६०२४२९२४ | LT. No.: 328897

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONCRETE MASON | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Finishing Carpenter | 2 | 0 | | 1500 | ५७,१९५ | | | | | | | |
| 3. | General Carpenter | 2 | 0 | | 1500 | ५७,१९५ | | | | | | | |
| 4. | LABOURER BUILDING WORKER | 2 | 0 | | 1000 | ३८,१३० | | | | | | | |
| 5. | Plumber Assistant | 2 | 0 | | 1200 | ४५,७५६ | | | | | | | |

कम्पनी : THE MALIK ELECTROMECHANICAL CONTRACTING CO. LLC | शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/२७ | चलानी नं.: ६०२४२९२२ | LT. No.: 329111

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason For Plaster./ Block | 2 | 0 | | 1500 | ५७,१९५ | | | | | | | |
| 3. | STEEL FIXER | 2 | 0 | | 1500 | ५७,१९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ५ गते (21 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com


---

## UPPER SYANGE HYDROPOWER LTD.
KATHMANDU, NEPAL

**Condensed Statement of Financial Position (Unaudited)**
**As on 32nd Ashadh, 2082, 4th Quarter F.Y. 2081/82**

| Particulars | This Quarter Ending Ashadh End, 2082 | Immediate Previous Year Ending (Audited) Ashadh End, 2081 |
|---|---|---|
| **ASSETS** | | |
| **A. Non Current Assets** | | |
| Property, Plant & Equiptment | 1,938,518 | 1,202,817 |
| Intangible Assets | 454,568,376 | 471,458,906 |
| Project Under Development | - | 21,619,183 |
| Investments | 103,337,500 | 10,200,000 |
| **Total Non Current Assets** | **456,506,894** | **494,280,906** |
| **B. Current Assets** | | |
| Investments | 103,337,500 | 10,200,000 |
| Cash and Bank | 11,596,382 | 7,139,856 |
| Deposit, Advance & Receivables | 54,298,637 | 18,577,482 |
| **Total Current Assets** | **169,232,519** | **35,917,338** |
| **Total Assets (A+B)** | **625,739,413** | **530,198,244** |
| **Equity and Liabilities** | | |
| **C. Equity** | | |
| Share Capital | 220,000,000 | 220,000,000 |
| Reserves & Surplus | (14,049,278) | (90,306,802) |
| **Total Equity** | **205,950,722** | **129,693,198** |
| **D. Non Current Liabilities** | | |
| Long Term Loan | 334,700,000 | 341,700,000 |
| Employee Benefit Liability | 1,352,927 | 1,016,356 |
| Retention Money Payable | 1,248,060 | 1,248,060 |
| Deferred Tax Liabilities | 1,477,249 | 1,531,220 |
| **Total Non Current Liabilities** | **338,778,236** | **345,495,636** |
| **E. Current Liabilities** | | |
| Short Term Loan | 43,063,256 | 41,239,006 |
| Accounts & Others Payables | 5,351,534 | 15,169,457 |
| Provisions | 32,595,665 | 1,765 |
| **Total Current Liabilities** | **81,010,455** | **56,410,228** |
| **Total Liabilities (C+D+E)** | **625,739,413** | **531,599,062** |

**Unaudited Condensed Statement of Profit or Loss and Other Comprehensive Income For the quarter ended on 32nd Ashadh 2082, 4th Quarter 2081/82**

| Particulars | This Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Up to this Qurater (YTD) | This Quarter | Up to this Qurater (YTD) |
| Revenue from Operation | 11,906,775 | 51,787,607 | 8,326,476 | 58,934,026 |
| Cost of Operation | (467,665) | (4,678,770) | (321,736) | (3,400,188) |
| **Gross Profit/ (Loss)** | **11,439,110** | **47,108,837** | **8,004,740** | **55,533,838** |
| Other Income | 130,379,700 | 130,382,767 | 1,502 | 11,707,060 |
| **Total Income/(Loss) from Operation** | **141,818,810** | **177,491,604** | **8,006,242** | **67,240,898** |
| Employee Benefit Expenses | (1,838,867) | (8,116,062) | (1,698,432) | (6,737,324) |
| Depreciation and Amortisation | (4,308,145) | (17,231,208) | (4,307,857) | (17,233,533) |
| Administrative Expenses | (2,182,064) | (8,690,540) | (2,335,019) | (6,108,251) |
| **Operation Profit / (Loss)** | **133,489,734** | **143,453,794** | **(335,066)** | **37,161,790** |
| Finance Cost | (8,392,445) | (34,654,576) | (10,854,454) | (51,769,178) |
| **Profit / Loss Before Tax** | **125,097,289** | **108,799,218** | **(11,189,520)** | **(14,607,388)** |
| Current Tax | (32,595,665) | (32,595,665) | 3,235 | 3,235 |
| Deferred Tax | 53,971 | 53,971 | (1,531,220) | (1,531,220) |
| **Profit (Loss) For The Year** | **92,555,595** | **76,257,524** | **(12,717,505)** | **(16,135,373)** |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **92,555,595** | **76,257,524** | **(12,717,505)** | **(16,135,373)** |

**Notes:**
1. The above mentioned figures are subject to changes during statutory audit.
2. This condensed financial statement has been prepared complying relevant NFRS.
3. Previous period figures are regrouped wherever necessary.

### (धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८१।८२ को चौथो त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरण:**

क) **यस त्रैमासिक अवधिका वासलात, नाफा/नोक्सान सम्बन्धी विवरण:**
यस संस्थाको आ.व २०८१/८२ को चौथो त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) **कम्पनी प्रमुख वित्तीय अनुपातहरू:**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी वार्षिक रु. | ३४.६६ | तरलता अनुपात (प्रतिशतमा) | ८१.३४ |
| प्रति शेयर नेटवर्थ रू. | ९३.६१ | मूल्य आम्दानी अनुपात | - |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. | २८४.४३ | | |

**२) व्यवसायीक विश्लेषण:**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बधी विवरण:**
विद्युत प्राधिकरणको ३३ KV को प्रशारण लाईनमा आएको समस्याको कारण यस आ.व.को श्रावण देखि असोजसम्म पूर्ण क्षमतामा सञ्चालन गर्न नपाएको हुँदा संस्थाको विद्युत विक्री आम्दानीमा केहि गिरावट आएको थियो भने यस चालु अवधिमा भने पुरानै लयमा विद्युत उत्पादन तथा प्रशारण सुरु भई सकेको छ । संस्थाको मौज्दात तथा तरलता अनुपातमा स्थिर देखिएको छ ।

ख) **व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
कम्पनीद्वारा सञ्चालनमा रहेको अप्पर स्याङ्गे हाईड्रोपावर आयोजना-२४०० कि.वा. को समिक्षा अवधिमा सन्तोषजनक व्यावसायिक उत्पादन भईरहेको छ । साथै, कम्पनीले गोर्खा स्थित दोभान खोला २४.५ मे.वा. जलविद्युत आयोजनामा समेत सम्भाव्यता अध्ययन सम्पन्न भई नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद विक्री सम्झौता (पी.पी.ए.) समेत मिति २०८०।०३।०७ मा सम्पन्न भईसकेको छ । संस्थाले सोहि परियोजनाको उत्पादन अनुमतिपत्र विद्युत विकास विभागबाट मिति २०८०।१२।०५ मा प्राप्त गरिसकेको छ । सो उत्पादन अनुमतिपत्र संस्थाको मिति २०८१।०२।०७ गतेको विशेष साधारण सभाको निर्णय, श्री विद्युत नियमन आयोगको मिति २०८१।०४।१७ गते को २४२ औं बैठकको निर्णय र श्री विद्युत विकास विभाग को मिति २०८१।१०।२० गतेको निर्णयले यस संस्था समेत प्रमूख प्रवर्द्धकको रूपमा रहने गरि दोभान खोला हाईड्रोपावर लिमिटेडमा हस्तान्तरण गरिएको छ । सो हस्तान्तरणबाट प्राप्त हुने रकम मध्ये यस कम्पनीको मिति २०८२।०२।११ गतेको सञ्चालक समितिको बैठकले दोभान खोला जलविद्युत आयोजना (२४.५ मे.वा.) मा जम्मा रकम रू. ९,३१,३७,५००।- (अक्षरूपी नौ करोड एकतीस लाख सैंतिस हजार पाँच सय रूपैयाँ मात्र) थप लगानी गर्ने निर्णय गरेको छ । साथै, सम्पूर्ण शेयरधनीहरूको हितमा कार्य गर्दै कम्पनीको व्यवस्थापन उपयुक्त र आवश्यकता बमोजिम कम्पनीलाई अगाडी बढाउने प्रतिबद्धता रहेको छ ।

**३) कानुनी कारवाही सम्बन्धी विवरण:**

क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

ख) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध, फौजदारी अभियोग गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

**४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।

ख) समीक्षा अवधिमा कम्पनीको शेयर धितोपत्र को कारोवार निम्न बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मूल्य रू. | ७४२.०० | शेयरको न्यूनतम मूल्य रु | ५८८.०० |
| अन्तिम मूल्य रू. | ६४४.३५ | कारोबार भएको कुल दिन | ६३.०० |
| कारोबार संख्या | २,६१६.०० | कारोबार भएको शेयर संख्या | १,२१,४५३ |

**५) समस्या तथा चुनौती**
कम्पनीद्वारा सञ्चालनमा रहेको आयोजनाको व्यावसायिक उत्पादन सुरू भईसके तापनि उत्पादनको क्रममा मौसमको अनुकुलता वा प्रतिकुलताले नदिको वहावमा आउन सक्ने उतार चढावले बिद्युत उत्पादनको परिमाणमा असर पार्न सक्नेछ । यस आयोजनाद्वारा उत्पादित विद्युतलाई टारिकुना सब-स्टेसन (खुदीहब) निर्माण सम्पन्न नहुँदासम्म बर्षायाममा पूर्ण क्षमतामा विद्युत प्रशारण गर्न अस्थायी प्रवृद्दीको समस्या देखिएको छ । साथै, यस संस्था विद्युत उत्पादनका क्रममा आईपर्न सक्ने प्राविधिक तथा अन्य समस्याहरु समाधान गर्न निरन्तर रूपमा अग्रसर रहेको छ ।

**६) संस्थागत सुशासन**
प्रचलित कानुन बमोजिम प्रकृया अवलम्बन गरि संस्थागत सुशासन कायम गरिएको छ ।

**७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएका छैनन् ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भूमिहीनमाथि भोटको राजनीति

मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले १२ लाखभन्दा बढी भूमिहीनलाई चाँडोभन्दा चाँडो लालपुर्जा बाँडेर इतिहास रच्न निर्देशन दिए। यो निर्देशनको उद्देश्य प्रस्टै देखिन्छ– भूमिहीनलाई लोभ्याउनु । सुकुम्बासीलाई जमिनको लालपुर्जा बाँड्ने लोभ सरकारमा बस्नेहरूले यसरी नै बाँड्ने गर्छन्। यसअघि सरकारको नेतृत्व गरेका दलका नेताहरूले पनि बेलाबेला लोभ देखाएका हुन्। तर यो समस्या सुल्झने अवस्था देखिँदैन।

प्रस्टै छ, सुकुम्बासी को हुन् को हैनन् भन्ने विधि जाँच्ने प्रविधि नेपालमा छैन । प्रशस्त जमिन भएकै मानिसहरू पनि नयाँ ठाउँको लालपुर्जा पाइने आशमा सुकुम्बासी बनेका घटना बेलाबेला सार्वजनिक भएकै हो । यस्तो घटनाले वास्तविक सुकुम्बासी भने पीडामा परेका छन्। फेरि जमिन पाउन सजिलो पनि छैन । जमिनका लागि सरकारी वन फाँड्नुपर्छ । यो वन कानुनविपरीत हुन जान्छ । यसका लागि वैज्ञानिक बन्दोवस्ती मालपोत पनि सक्षम देखिँदैन । अझ भूमि समस्या समाधान आयोग आफैं कर्मचारी नभएर समस्यामा परेको देखिन्छ।

१२ लाखभन्दा बढीलाई लालपुर्जा बाँड्नेगरी गठन भएको आयोगलाई न त पुग्दो कर्मचारीको सुविधा छ न त प्रविधिको। त्यसैले बाँके बर्दियाबाहेक धेरै ठाउँमा दिने जमिनको टुंगो लागेको छैन । कार्यकर्ता भर्ती केन्द्र बनेको आयोगका जिल्ला समितिमा कसको मान्छे हाल्ने भन्नेमै हानथाप छ। यसरी जग नै नहालेको आयोगको वार्षिक समीक्षामा ओलीले छुमन्तरमा काम सकिनेझैं गरी काम चाँडो सक्न निर्देशन दिए। निर्देशन दिन निकै सजिलो छ। तर वातावरण यति बिग्रिएको अवस्था छ कि भूमि समस्या समाधानका लागि बनेको भूमि विधेयक शक्तिशाली सरकारकै सांसदहरूले पारित गर्न सकेका छैनन्।

अहिले सरकारमा एमाले र कांग्रेस छ । एमालेको मन्त्री बलराम अधिकारीले अघि बढाएको विधेयक अहिले कांग्रेसले अड्काएर राखेको छ। कारण प्रधानमन्त्री ओलीकै गतिविधिमा शंका छ उसलाई। नेताहरू 'म कुटेजस्तो गर्छु, तिमी रोएजस्तो गर' शैलीमा भूमिहीनमाथि राजनीति गर्दै छन् । अहिलेको आयोगका पदाधिकारीको म्याद जम्मा तीन वर्षको हो। लगभग एक वर्ष त पदाधिकारीले पूरा गरिसकेका छन्। अबको दुई वर्षमा आयोगले यो काम गर्नसक्ने सम्भावना न्यून देखिन्छ।

अझ नेपालको राजनीति कति बेला के हुन्छ पत्तो हुन्न । सरकार फेरिए पदाधिकारी पनि फेरिन्छन्। अनि त कामको सुरुआत फेरि शून्यबाट। यसरी नै राजनीतिक दलका नेताहरूले हरेक चुनावमा आफ्नो भोट सुरक्षित पार्न लालपुर्जाको आश देखाउँछन् । प्रधानमन्त्री ओलीले मंगलबार यसरी नै मतदाता लोभ्याउन लालपुर्जाको सपना देखाएका हुन्।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन। खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ।

# ऊर्जा रूपान्तरणका लागि नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता



■ डा. रणबहादुर थापा

विश्वभरका धेरै देशहरूले नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको प्रवर्द्धन, विकास र विस्तार गर्ने सम्बन्धमा छुट्टाछुट्टै वा संयुक्तरूपमा उपयुक्त नीति, योजना, कार्यक्रम, परियोजना निर्माण गरेर अधिकार प्राप्त संस्थामार्फत सफलतापूर्वक आ-आफ्ना नागरिकहरूलाई सस्तो, दिगो, भरपर्दो तथा स्वच्छ ऊर्जाको पहुँच सुनिश्चित गराई सामाजिक न्यायसहितको आर्थिक विकास गर्न सफल भएका छन् । नेपालमा पनि हालैका वर्षहरूमा यी सबै पक्षहरूको सिकाइबाट कानुनबाटै सबल संस्था स्थापना गरी सरोकारवालाहरूको निकट समन्वय, सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताका सबल पक्षहरूको अवलम्बन गर्दै अगाडि बढ्ने प्रयास भइरहेको छ ।

नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताले देशमा आर्थिक वृद्धि, ऊर्जा सुरक्षा, ऊर्जाका स्रोतहरूको विविधीकरण र जलवायु परिवर्तनमा योगदान पुऱ्याउँछन्। विश्वभरका विभिन्न समुदायहरू यी दुवै क्षेत्रको प्रवर्द्धन तथा विस्तार गर्न आवश्यक नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन गरी पहिले नै अभ्यस्त भएको पाइन्छ। नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताका गतिविधिहरूबीचको घनिष्ठ सम्बन्धले अझ बढी लाभ प्रदान गर्न सक्छन्, जसका लागि राज्यले दुवै पक्षको प्रवर्द्धन र विस्तारयोग्य नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन गरी एक-आपसको तादम्यताबाट अधिकरूपमा लाभ लिन सकिने सम्भावनाहरू छन्।

ऊर्जा दक्षता भन्नाले थोरै ऊर्जा प्रयोग गरेर बढी मात्रामा काम गर्नु हो। यसको अर्थ ऊर्जाका स्रोतहरूको प्रयोग गर्दा त्यस्तो उपकरण तथा विधि अपनाइन्छ, जसले कम ऊर्जा खर्च गरेर पनि राम्रो नतिजा हासिल गर्दछ। त्यसैगरी, नवीकरणीय ऊर्जा भन्नाले त्यस्ता स्रोतहरूलाई जनाइन्छ, जुन प्राकृतिकरूपमा पुनः प्राप्त हुन्छन् र कहिल्यै सकिँदैनन्। सरल भाषामा, ऊर्जा दक्षता भन्नाले चुहावट घटाएर बाल्टिनलाई सानो बनाउनु हो भने नवीकरणीय ऊर्जा भनेको बाल्टिनलाई सफा पानी अर्थात् स्वच्छ ऊर्जाले भर्नुजस्तो हो। नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता, भविष्यको दिगो र भरपर्दो ऊर्जाका लागि महत्त्वपूर्ण घटकहरू हुन्, जसलाई 'जुम्ल्याहा स्तम्भहरू' पनि भनिन्छ।

ऊर्जा दक्षताले ऊर्जाको मागमा कमी ल्याउने र नवीकरणीय ऊर्जाले स्वच्छ ऊर्जाको आपूर्ति बढाउने हुँदा दिगो ऊर्जा प्रणालीमा अझ छिटो र प्रभावकारीरूपमा ऊर्जा रूपान्तरणको प्राप्ति हुन्छ। नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताबीचको तादम्यताबाट देहायबमोजिम कायम हुने गर्दछः

### समयमा तादम्यता

ऊर्जा दक्षताको ऊर्जा-बचत क्षमता छोटोदेखि मध्यम अवधिमा प्रभावकारी हुन्छ, तर यो अनन्तकालसम्म सम्भव हुँदैन। त्यसैले, अल्पकालमा ऊर्जा आपूर्ति गर्न र दीर्घकालमा अवसर विस्तार गर्न नवीकरणीय ऊर्जाको आवश्यकता पर्दछ।

### आर्थिक तादम्यता

अधिकांश अध्ययनहरूले ऊर्जा दक्षतामा ऊर्जा उत्पादन गर्ने प्रविधिहरूको तुलनामा ऊर्जाको सबैभन्दा कम लागत लागेको देखाएका छन्। साथै, नवीकरणीय ऊर्जाका प्रविधिहरू परम्परागत तथा आयातीत ऊर्जा उत्पादन प्रविधिहरूसँग लागतको आधारमा प्रतिस्पर्धा गर्न सक्षम छन्। तसर्थ, एकै समयमा दुवै समाधानहरू प्रयोग गर्दा ऊर्जा प्रणालीको समग्र लागत कम गर्न सकिन्छ। यसबाहेक विभिन्न क्षेत्रमा लगानी र रोजगारी सिर्जना गरेर आर्थिक वृद्धि हासिल गर्न सकिन्छ।

### भौगोलिक तादम्यता

नवीकरणीय ऊर्जाको सम्भाव्यता भौगोलिक अवस्थामा निर्भर हुन्छ, जबकि अधिकांश ऊर्जा दक्षताका समाधानहरू स्थान-विशिष्ट हुँदैनन्। तसर्थ, उपयुक्त नवीकरणीय ऊर्जाको सम्भाव्यता नभएका स्थानहरूमा ऊर्जा दक्षताले ऊर्जाको मागमा कमी ल्याई न्यूनतम् नवीकरणीय वा उपलब्ध अन्य ऊर्जाबाट आपूर्ति गरी तादम्यता कायम गर्न सकिन्छ।

### विद्युत्शक्ति प्रणाली तादम्यता

प्रसारण प्रणालीको भारमा ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको प्रभाव समयको साथ भिन्न हुन्छ। उदाहरणका लागि गर्मीको समयमा ऊर्जा दक्षताले भार कम गर्न सक्छ र नवीकरणीय ऊर्जा प्रविधिहरूले बाँकी भार पूरा गर्नसक्छन्। साथै, तिनीहरूले आपूर्तिका स्रोतहरू विविधीकरण गरेर प्रसारण प्रणालीलाई थप विश्वसनीय बनाउन मद्दत गर्दछन्।

नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतालाई संयुक्तरूपमा कार्यान्वयन गर्दा कूल ऊर्जाको माग घटाउने, कूल राष्ट्रिय ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा बढाउने, ऊर्जा उत्पादनको लागतमा कमी ल्याउने, ऊर्जा स्रोतहरूको विविधता वा सम्मीश्रण सुनिश्चित गरी प्राकृतिक प्रकोपमा अनुकूलन हुन मद्दत गर्ने, ऊर्जा प्रणालीको समग्र सुरक्षामा अभिवृद्धि गर्ने, ऊर्जाको मूल्य घटाएर, लगानीबाट रोजगारी सिर्जना गरी राष्ट्रको आर्थिक वृद्धिमा टेवा पुऱ्याउने तथा विश्वव्यापी कार्बन कटौती गरी जलवायु परिवर्तन न्यूनीकरणमा ठूलो भूमिका खेल्नसक्दछ। नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताबीच तादम्यता कायम गर्न विश्वव्यापी अनुभवका आधारमा देहायबमोजिमको रणनीति बनाई संयुक्तरूपमा लागू गर्नुपर्ने हुन्छः

### ऊर्जाको मागमा कमी ल्याउने रणनीति

ऊर्जा दक्षताले कम ऊर्जाको प्रयोगबाट समान परिणाम प्राप्त गर्ने काम गर्दछ। यो विभिन्न उपायहरूमार्फत प्राप्त गर्न सकिन्छ। ऊर्जा दक्षतायुक्त उपकरणहरूको प्रयोग गरेर, भवन निर्माणमा इन्सुलेसनको प्रयोग गरेर, औद्योगिक प्रक्रियाहरू अनुकूलन गरेर, विद्युतीय गाडीको प्रयोग गरेर आदि तरिकाबाट ऊर्जाको मागमा कमी ल्याउन सकिन्छ।

यसरी ऊर्जा दक्षताले समग्र ऊर्जाको माग घटाएर, बाँकी ऊर्जाको आवश्यकता नवीकरणीय ऊर्जाबाट पूरा गर्न सहज बनाउँछ। यसले नवीकरणीय ऊर्जा प्रणालीमा छिटो रूपान्तरण गर्दै कार्बन कटौती (डिकार्बोनाइजेसन) को समग्र लागत घटाउन मद्दत गर्दछ।

### ऊर्जाको आपूर्तिमा वृद्धि गर्ने रणनीति

सौर्य, वायु, जलस्रोत, तथा भू-तापीयजस्ता नवीकरणीय ऊर्जा प्रविधिहरूले परम्परागत-जीवाष्म इन्धन तथा आयातीत ऊर्जाको विकल्प प्रदान गर्दछन्। यी ऊर्जाहरू प्राकृतिकरूपमा उपलब्ध हुने, स्वच्छ तथा प्रदूषणरहित हुन्छन्। नवीकरणीय ऊर्जा, ऊर्जा दक्षतासँग संयुक्त प्रयोग हुन्छ, नवीकरणीय ऊर्जाको बढ्दो आपूर्तिले अधिक सुरक्षित र किफायती ऊर्जा प्रणालीको सुनिश्चित गर्न सक्दछ।

### उपयुक्त नीति तथा प्रविधिको उपयोग गर्ने रणनीति

भविष्यमा दिगो ऊर्जा हासिल गर्न ऊर्जा दक्षता र नवीकरणीय ऊर्जा प्रविधि दुवैमा निरन्तर नवीनता अपरिहार्य छ। यसका अलावा, उपयुक्त नीतिहरू, निरन्तर नवीनतम् प्रविधिहरूको उपयोग तथा त्यससम्बन्धी सहज नीति निर्माण गरी दुवै पक्षलाई प्रोत्साहित गरेर सकारात्मक प्रतिक्रिया लुप सिर्जना गर्दै एकापसमा तादम्यता कायम गर्न आवश्यक हुन्छ।

### पर्याप्त रणनीतिक सुधार

उपयुक्त रणनीति दैनिक दिनचर्या र जीवनशैलीको मूल्यांकनको साथ सुरु हुन्छ, ताकि तिनीहरूको मागसँग मिलान गर्न सकियोस्। यसको परिणामले आवश्यकतामा कमी ल्याउन, प्रतिस्थापन गर्न र अनुकूलनका लागि सक्षम हुन प्रेरित गर्दछ। यसरी भविष्यमा दिगो ऊर्जा हासिल गर्न ऊर्जा दक्षता र नवीकरणीय ऊर्जा प्रविधि दुवैमा तादम्यता कायम गर्न ऊर्जाको उपयोग गर्ने निकायहरूलाई ऊर्जाको आवश्यकतामा कमी ल्याउन, प्रतिस्थापन गर्न र अनुकूलनका लागि सक्षम हुन प्रेरित गर्ने उपयुक्त रणनीति बनाई कार्यान्वयन गर्नुपर्दछ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताबीचको तादम्यता कायम गर्न सकिने विभिन्न उपायहरू छन्। ऊर्जा आपूर्ति शृंखलाको प्रत्येक चरण (प्राथमिक ऊर्जाको स्रोतदेखि उपयोगसम्म) मा चुहावटहरू हुन्छन्। तसर्थ, ऊर्जा आपूर्तिको हरेक चरणमा समग्र प्रणालीको दक्षता बढाउने प्रचुर सम्भावना रहन्छ। नवीकरणीय ऊर्जा, भार केन्द्रको नजिकै हुने, थर्मल ऊर्जा रूपान्तरणको आवश्यकता नपर्ने र धेरै दूरीमा प्रसारण गर्न नपर्ने साथै स्वयं कुशल हुनुले यसबाट अधिक मात्रामा प्राथमिक ऊर्जा उपलब्ध हुन्छ। विकेन्द्रीकृत नवीकरणीय ऊर्जाको प्रयोगले सम्भावित चुहावटहरू पनि कम गर्दछ। प्रकाश उत्सर्जन डायोड लिड बल्ब ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाबीच तादम्यता सिर्जना गर्ने प्रमुख उदाहरण हो, जसले परम्परागत इन्केन्डिसेन्ट बल्बको तुलनामा छदेखि आठ गुणा अधिक कुशलतापूर्वक समानस्तरको प्रकाश उपलब्ध गराउँछ।

त्यसैगरी, जैविक ऊर्जामा आधारित सुधारिएको चुलो तथा नवीकरणीय ऊर्जामा आधारित विद्युतीय चुलोहरू, यी दुवै पक्षमा प्रभाव पार्ने प्रविधिहरू हुन्। परम्परागत चुलोको तुलनामा सुधारिएको चुलोले दुई/तीन गुणा अधिक कुशलतापूर्वक समानस्तरको खाना पकाउने ऊर्जा उपलब्ध गर्दछ, जुन वातावरणमैत्री हुनुका साथै आधुनिक तथा स्वच्छ पनि हुन्छ। त्यसैगरी, विद्युतीय चुलोबाट पनि परम्परागत चुलोको तुलनामा दुईदेखि छ गुणा बढी कुशलतापूर्वक समानस्तरको खाना पकाउने सेवा प्राप्त गर्न सकिन्छ, जुन तुलनात्मकरूपमा सबैभन्दा स्वच्छ र आधुनिक पनि छ।

यातायात क्षेत्रमा आन्तरिक दहन इन्जिन सवारीसाधनको सट्टा विद्युतीय सवारीसाधनको प्रयोगले दुईदेखि चार गुणा बढी कुशलतापूर्वक समानस्तरको यातायात सुविधा प्राप्त हुन्छ। यसरी परम्परागत इन्जिनको तुलनामा नवीकरणीय ऊर्जामा आधारित विद्युतीय सवारीसाधनले यातायात क्षेत्रलाई कम कार्बन उत्सर्जन वा शून्य कार्बन अवस्थामा पुऱ्याउन ठूलो मद्दत गर्दछ। तापीय पम्पजस्ता प्रविधिले ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाबीच प्राविधिक र आर्थिक तालमेल गर्दछ। तापीय पम्पले औद्योगिक र व्यावसायिक भवनहरूका लागि आवश्यक समानस्तरको ताप माग परम्परागत बोइलरको तुलनामा चार/पाँच गुणा अधिक कुशलतापूर्वक पूरा गर्दछ। यदि, यसलाई नवीकरणीय ऊर्जा आपूर्तिको साथ उपयोग गरेमा समग्र प्रणाली दक्षता अधिक कुशल विद्युत् उत्पादन र प्रसारणको कारण अझ बढी हुन्छ।

खुद-शून्य ऊर्जा भवन अर्को उदाहरण हो, जसमा ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको संयोजनबाट खासगरी व्यावसायिक भवनहरूमा भवनबाट हुने वार्षिक नवीकरणीय ऊर्जा र भवनमा ग्रीडबाट प्राप्त हुने वार्षिक ऊर्जाबराबर हुनेगरी डिजाइन भएको भवन खुद-शून्य ऊर्जा भवन हो। यस्ता भवनहरूमा उच्च दक्षता भएका उपकरणहरू, उपयुक्त इन्सुलेसनयुक्त निर्माण सामग्रीसहित उचित तापीय, भेन्टिलेसन तथा एयर कण्डिसनिङ प्रणालीको सुनिश्चित गरिएको हुन्छ। परम्परागत व्यावसायिक भवनको तुलनामा यस्ता भवनहरू ३० देखि ८० प्रतिशतसम्म ऊर्जा कम गर्न सक्षम भएको पाइन्छ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको संयुक्त कार्यान्वयनको सम्भावना ऊर्जा दक्षताका विभिन्न उपायहरू र नवीकरणीय ऊर्जाका सम्भावनाहरूको द्रुत विकास र विस्तारबाट समग्र ऊर्जा प्रणालीमा नवीकरणीय ऊर्जाको हिस्सामा थप वृद्धि र ऊर्जा दक्षतामा अधिक छिटो सुधार हुन्छ। सन् २०१५ मा अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सीको एक अध्ययनले नवीकरणीय ऊर्जा मार्गचित्र र ऊर्जा दक्षताका उपायहरू छुट्टाछुट्टै र संयोजनमा कार्यान्वयन गर्दाको अनुभव प्रस्तुत गरेको थियो। यसअनुसार सन् २०३० सम्म छुट्टाछुट्टै कार्यान्वयन गर्दा नवीकरणीय ऊर्जाबाट ऊर्जा बचत पाँचदेखि १० प्रतिशत, ऊर्जा दक्षताबाट ऊर्जा बचत नौदेखि १९ प्रतिशत पाइयो भने संयुक्तरूपमा कार्यान्वयन गर्दा १९-२५ प्रतिशतसम्म ऊर्जा बचत भएको पाइयो।

सो एजेन्सीका अनुसार ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाका उपायहरूले विश्वव्यापी तापमान वृद्धिलाई पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री सेल्सियस तल सीमित गर्न आवश्यक कार्बन कटौतीको लगभग ९० प्रतिशतसम्म प्राप्त गर्नसक्छ। यसका लागि ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाका उपायहरूको संयुक्त कार्यान्वयनले विश्वव्यापी कार्बन कटौती तथा जलवायु परिवर्तन न्यूनीकरणमा ठूलो भूमिका खेल्दछ। यसरी ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाका उपायहरूको संयुक्त कार्यान्वयन गर्ने सम्भावना भएता पनि यसको तादम्यताको अवसर देशअनुसार फरक-फरक हुन्छ। देशअनुसार ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको तादम्यतामा ऊर्जा माग संरचना, माग वृद्धिदर, जलवायुको अवस्था, स्थानीय स्रोतसाधनको उपलब्धतालगायतले फरक पर्न सक्दछ।

### निष्कर्ष

विश्वभरका धेरै देशहरूले नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको प्रवर्द्धन, विकास र विस्तार गर्ने सम्बन्धमा छुट्टाछुट्टै वा संयुक्तरूपमा उपयुक्त नीति, योजना, कार्यक्रम, परियोजना निर्माण गरेर अधिकार प्राप्त संस्थामार्फत सफलतापूर्वक आ-आफ्ना नागरिकहरूलाई सस्तो, दिगो, भरपर्दो तथा स्वच्छ ऊर्जाको पहुँच सुनिश्चित गराई सामाजिक न्यायसहितको आर्थिक विकास गर्न सफल भएका छन्। नेपालमा पनि हालैका वर्षहरूमा यी सबै पक्षहरूको सिकाइबाट कानुनबाटै सबल संस्था स्थापना गरी सरोकारवालाहरूको निकट समन्वय, सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताका सबल पक्षहरूको अवलम्बन गर्दै अगाडि बढ्ने प्रयास भइरहेको छ।

नेपालमा नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र विस्तार गरी वातावरण संरक्षण गर्ने उद्देश्यका साथ २०५३ सालमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना गरिएकोमा सन् २०१८ देखिमात्र ऊर्जा दक्षतामार्फत ऊर्जाको समुचित उपयोग, बचत तथा संरक्षण गर्दै ऊर्जाको पहुँचमा वृद्धि गरी दिगो विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता प्रवर्द्धनका लागि राष्ट्रिय संस्था बनाइएको छ। यसले विश्वव्यापीरूपमा सफल रहेको ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको संयुक्त कार्यान्वयन गर्ने प्रयास गरेको छ।

तथापि, यी दुवै पक्षको अधिकार केन्द्रले कानुनीरूपमा अझै प्राप्त गर्न नसकेकाले दीर्घकालमा नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरेको प्रतिबद्धता 'सबैका लागि सस्तो, भरपर्दो, आधुनिक तथा स्वच्छ ऊर्जाको पहुँच पुऱ्याउने' लक्ष्य प्राप्त हुनेमा विश्वस्त हुने अवस्था देखिँदैन। संसद्मा विचाराधीन नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक, २०८१ ले नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतालाई कानुनी मान्यता दिएको छ। यो विधेयक पारित भएपछि नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको संयोजनमा उपयुक्त नीति, योजना, कार्यक्रम तथा परियोजनामार्फत राष्ट्रिय-अन्तर्राष्ट्रिय स्रोत-साधनहरूको समुचित परिचालन गर्न थप सहज हुने छ।

विगतदेखि नै नेपाल सरकार र विभिन्न दातृ निकायहरूको प्राविधिक तथा आर्थिक सहयोगमा राष्ट्रिय प्रसारण प्रणाली नपुगेको स्थानहरूमा बसोबास गर्ने नागरिकहरूलाई विकेन्द्रीकृत नवीकरणीय ऊर्जामार्फत केन्द्रले स्वच्छ ऊर्जाको पहुँच पुऱ्याउँदै आइरहेको सन्दर्भमा सबै नागरिकलगायत व्यावसायिक, औद्योगिक, यातायात तथा कृषि क्षेत्रहरूमासमेत आवश्यक सस्तो, दिगो र आधुनिक ऊर्जाको उपलब्धता सुनिश्चित गर्न ऊर्जा दक्षतालाई समेत संयोजन गरी राष्ट्रले कबोल गरेको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्दै दिगो ऊर्जा रूपान्तरण गर्नु आजको अपरिहार्य आवश्यकता हो। *रासस*

*(लेखक वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका उपनिर्देशक हुन्)*



**कालिगण्डकीमा बाढी** | मुस्ताङको घरपझोङ-४ जोमसोमस्थित कालिगण्डकी नदीमा बुधबार दिउँसो बढेको बाढीको सतह । वर्षात्का कारण उपल्लो मुस्ताङका शाखा नदी बढ्दा कालिगण्डकी नदीको सतह उच्च भएको हो ।

*तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# बागलुङमा बर्खेजात्राको रौनकता

**गलकोट (बागलुङ)–** असारे मासको दबदबे हिलो छुनलाई घिन लाग्यो, पातली नानीलाई फरिया किन्दा छ बिसे रिन लाग्यो ।

मंगलबार बागलुङ बजारमा नेवारी समुदायले निकालेको रोपाइँजात्राका महिलाको भेषमा सजिएका पुरुषले गाएको गीतको अंश हो यो । उनीहरू मुखियाको खेत रोप्न आएका रोपारहरू अवस्थामा सजिएका छन् । केही पुरुषहरू भने बाउँसेको भूमिकामा छन् ।

बागलुङ बजारमा अहिले दैनिकजसो नेवारी समुदायको जात्रा हेर्न पाइन्छ । यहाँको पुरानो नाचमध्येका लाखे, होवा, घोडा, रोपाइँजस्ता विभिन्न नाच दैनिकजसो प्रदर्शन भइरहँदा बजार क्षेत्र अहिले गुल्जार छ । घण्टा कर्णको अघिल्लो दिन लाखेनाच देखाएर सुरु भएको जात्रा आगामी भदौ ११ गतेसम्म चल्ने छ । बर्खेजात्राको रूपमा भने गाईजात्राको दिनबाट लिने गरिएको छ ।

नेवारी समुदायको लोपोन्मुख संस्कृतिका रूपमा रहेको नाच पछिल्लो समय बागलुङका नेवार समुदायले संरक्षित गर्दै आएका छन् । बर्खेजात्रा संरक्षणमा युवा पुस्ताले चासो देखाउन थालेपछि विभिन्न नाचहरू थप रोमाञ्चित भएका छन् । बागलुङको बर्खेजात्रा २३९ वर्षभन्दा पुरानो रहेको नेवारी समुदायका जानकार बताउँछन् ।

बर्खेजात्रा नाचअन्तर्गत पर्ने अन्य केही नाच भने खर्चिला भएकाले देखाउन छोडिएको बताउँदै अहिले लाखे, कटुवाल, रोपाइँ, जोगी, घोडा, होवालगायत नाचहरू प्रदर्शन गरिने छ । अहिलेसम्म लाखे, कटुवाल, होवा र रोपाइँ नाच प्रदर्शन गरिसकेको छ । नेपाल भाषा मंका खलःको आयोजनामा अन्य पाँच संस्थाको समन्वयमा बर्खेजात्रा सञ्चालन गरिएको छ ।

नेवारी संस्कृति संरक्षणमा कठिन भए पनि युवा पुस्ताको सक्रियतामा बर्खेजात्रालाई निरन्तरता दिइरहेको नेपाल भाषा मंका खलका



अध्यक्ष जयराम भारीले बताए । 'केही खर्चिला नागनागिनी, शिखारी र थेतर नाच लोप भइसके तर अन्य नाचलाई निरन्तरता दिएका छौं,' भारीले भने, 'युवा पुस्तालाई सक्रिय बनाउँदा सहज भएको छ, नत्र खर्च र व्यवस्थापनका हिसाबले निकै समस्या छ, संस्कृतिको संरक्षणमा नेवारी समुदाय एकजुट बनेको छ ।'

वि.सं. १८४३ अघि नै बागलुङमा व्यापारको सिलसिलामा नेवार समुदाय आएर बसोबास गरेको लिखित दस्तावेजका आधारमा उक्त नाच नेवार समुदायअन्तर्गत पर्ने स्थानीय काजी श्रेष्ठले बताए । 'शिखारी, थेत्तर र नागनागिनी नाच बढी खर्चिलो भएकाले देखाउन छोडिएको छ, अन्य केही भदौरे अर्थात बर्खेनाच संरक्षित छन्,' उनले भने, 'नेवार जातिका कला संस्कृतिअन्तर्गत धेरै नाच आर्थिक हिसाबले खर्चिला छन्, जुन बचाउनै गाह्रो छ, युवा पुस्ताको चासो भएकाले सहज भएकोमात्रै हो ।'

बर्खेजात्राका कारण बागलुङ बजार क्षेत्रमा रौनक छाएको जनाउँदै श्रेष्ठले बजेट अभावले तीन वर्षमा देखाउने हनुमाननाच नौ वर्षमा देखाइएको बताए । पछिल्लो समय युवाले चासो देखिएका कारण लोप हुन थालेका कतिपय नाच पुनः देखाउन थालिएको उनको भनाइ थियो । नेवार समुदायले अहिले देखाइरहेका भदौरे नाचहरू अन्य जातजातिले रोचक मानेर हेर्ने गरेका छन् । यस नाचलाई भदौरे नाच भन्ने गरिएको छ ।

नेपाल भाषा मंका खलले संयोजन गरे पनि जोगीनाच शाक्य कल्याण समाजको अगुवाइ, कटुवाल, घोडा र रोपाइँ नाच नेवा ल्याम्ह पुचको सक्रियतामा देखाइँदै आएको छ । भदौरे नाचअन्तर्गत लाखे नपर्ने भए पनि बर्खे वरपरमा लाखेनाच प्रदर्शन भइरहेको अगुवा नेवार समुदायले बताउँदै आएका छन् । घण्टाकर्ण चतुर्दशीदेखि हरितालिका तीजको दिनसम्म विभिन्न नाच प्रदर्शन भइरहने शाक्य कल्याण समाजले जनाएको छ । बर्खामा बागलुङका सडक, चोक र बस्ती संस्कृतिमय बन्दा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने देखिएको छ । *रासस*

# उपचारका क्रममा कैदीको मृत्यु भएपछि छानबिन समिति गठन

**पर्सा (प्रस)–** जिल्ला प्रशासन कार्यालय पर्साले नारायणी अस्पतालमा उपचारका क्रममा मंगलबार कैदीबन्दी राहुल साह तुरहाको मृत्यु भएपछि छानबिन समिति गठन गरेको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अध्यक्षतामा बसेको सरोकारवाला निकायको बैठकले घटनाबारे विस्तृत छानबिन गरी १५ दिनभित्र जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन पेस गर्ने गरी पर्साका सहायक प्रमुख जिल्ला अधिकारी बाबुलाल रेग्मीको संयोजकत्वमा छानबिन समिति गठन गर्ने निर्णय गरेको हो ।

समितिको सदस्यमा पर्सा प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक किशोर लम्साल, जनप्रतिनिधि जनदिशसाह तुरहा, मृतकका दाजु मकेशसाह तुरहा, मानवअधिकारकर्मी मनकुमारी लामा, नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनाल र नेपाल चिकित्सक संघका प्रतिनिधि रहनेगरी सात सदस्यीय छानबिन समिति गठन गरेको हो ।

बैठकले मृतकको शव परीक्षणलगायतका अन्य कानुनी प्रक्रिया अगाडि बढाउने पनि निर्णय गरेको छ । वीरगञ्ज कारागारका प्रमुख खिमराज भुसालका अनुसार कारागारमा कर्तव्य ज्यान मुद्दामा कैद भुक्तान गरिरहेका कैदी साहको मंगलबार बिहान छाती दुख्ने र फुल्ने समस्या देखिएपछि उपचारका लागि नारायणी अस्पतालमा पुऱ्याइएको थियो । आफन्तहरूले भने पर्साका प्रजिअले बिरामीलाई अन्य अस्पतालमा रेफर गर्नका लागि अनुमति नदिएको आरोप लगाएका छन् । कैदीबन्दी तुरहाको मृत्युपछि आक्रोशित आफन्तले नारायणी अस्पताल वरपर टायर बालेर विरोध प्रदर्शन गरेका थिए ।

# कमलामा पुल: १४ वर्षमा पनि अधुरै



**सिरहा–** कमला नदीमा २०६८ सालमा निर्माण सुरु भएको पक्की पुल अझै अधुरो छ । तीन वर्षमा सम्पन्न गर्ने भनिएको पुल १४ वर्षमा पनि पूरा नहुँदा सिरहा र धनुषाका सर्वसाधारण वर्षायाममा अधिक प्रभावित हुने गरेका छन् । उनीहरूको एकमात्र सहारा डुंगा बनेको छ ।

सिरहा नगरपालिका-५ का वासुदेव यादव दैनिक गाईवस्तुलाई घाँसपात गर्न नदीपारि जाने गर्छन् । हरेक वर्षासँगै डराइडराई नदीपार गर्नुपर्ने उनको दैनिकी छ । 'पानी बढेपछि डुंगा चढ्न पनि डर लाग्छ, तर विकल्प छैन,' उनले भने ।

सामान्यतया वर्षायामबाहेक अरुबेला काठको सानो पुल प्रयोग हुने गरेको थियो । तर बर्खासँगै आएको बाढीले काठको पुल बगाएपछि अब डुंगामात्रै एक विकल्प बनेको छ । नदी पार गर्न हुलाकी सडक प्रयोग गर्ने यात्रीलाई डुंगा प्रयोगको प्रतिमोटरसाइकल १०० रूपैयाँ र प्रतिव्यक्ति ५० रूपैयाँ तिर्नुपर्ने बाध्यता छ ।

कमलामा स्थायी पुल अभावको प्रत्यक्ष असर स्वास्थ्य सेवामा पुगेको छ । सिरहा अस्पतालबाट जनकपुर 'रेफर' गरिएका बिरामीलाई घुमाउरो बाटो भएर जानुपर्ने बाध्यता छ । प्रादेशिक अस्पतालका 'मेडिकल सुपरिटेन्डेन्ट' डा सुनिलप्रसाद कुशवाहाका अनुसार पारिपट्टि नदी सिमानाका धनुषावासी बिरामीका लागि नजिक भए पनि उनीहरू जनकपुरसम्म जानुपर्ने बाध्यता छ । नदीवारि कोही गम्भीर प्रकृतिका बिरामीका लागि लामो र घुमाउरो बाटोबाट ढिला गरी लैजाँदा बाटैमा मृत्यु हुनसक्ने सम्भावना छ ।' सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवका अनुसार पुल नहुँदा पैदलयात्रीले बाँसको फड्के वा डुंगाबाट नदी पार गर्नुपर्ने अवस्था छ । *रासस*


## सिलबन्दी बोलपत्र आव्हानको सूचना

**(सूचना प्रकाशित मिति : २०८२/०४/२९)**

यस कम्पनीको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित जग्गा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा सो जग्गा खरिद गर्न इच्छुक व्यक्ति वा फर्मबाट न्युनतम प्रति धुर एक लाख नघट्ने गरि अधिकतम् आफुले के कति मुल्य तिरी लिने हो मुल्य खुलाई कर्पोरेट कार्यालय नयाँबानेश्वमा आफूले कबोल गरेको रकम उल्लेख गरी आवेदन बोलपत्र पेश गर्नुपर्नेछ । यो सूचना प्रकाशन भएको ७ दिन भित्र बोलपत्र कार्यालयमा दर्ता गरि सक्नुपर्ने छ । सूचना प्रकासन भएको मितिले ७ औ दिन शनिबार तथा सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन पेश गर्न सकिने छ । बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिनको बिहान ११ बजे बोलपत्र दाताहरू वा निजको प्रतिनिधिहरूको रोहबरमा बोलपत्र खोलिनेछ । कबोल गरेको सबैभन्दा बढी रकमको बोलपत्र स्वीकृत गरिने छ । आफ्ले कबोल गरेको बोलपत्र स्वीकृत भएपछि १ महिनाभित्र जग्गा रजिष्ट्रेसन पास गरि लिनुपर्नेछ । बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार यस कम्पनीमा निहित रहने छ ।

**तपसिलः**

मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं १ को कित्ता ४४४९ को क्षेत्रफल ०-०१९-१/२ र किता न ४४४७ को क्षेत्रफल ०-०-१० १/२ ।

प्रोभिडेन्ट मर्चेन्ट बैंकिङ्ग लिमिटेड
कर्पोरेट कार्यालय नयाँबानेश्वर काठमाण्डौ



## कतार/साउदीमा रोजगार

कम्पनी : FACILITY SOLUTIONS

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०४/२८ | LT. No. 323784 | चलानी नं. ६०२३७९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plaster Work | 1 | 0 | 1000 | ३८,५३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३८,५३३ | | | | | | | |
| 3 | Ceramic Worker | 2 | 0 | 1000 | ३८,५३३ | | | | | | | |
| 4 | Building Worker | 1 | 0 | 1000 | ३८,५३३ | | | | | | | |

कम्पनी : FAHAD ABDULALI ALSUDAIRI LOGISTICS SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/०४/२७ | LT. No. 328938 | चलानी नं. ६०२४२९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 3 | 0 | 1800 | ६७,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ५ गते (21st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९७१/०६७/०६८
Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

# अमेरिकी कर वृद्धिको खतरामा भारत

**मुम्बई–** भारतीय निर्यातकर्ताहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको विश्वको सबैभन्दा बढी जनसंख्या भएको राष्ट्रविरुद्ध कर वृद्धिको धम्कीको परिणामलाई कम गर्न विकल्पहरूको खोजी गरिरहेका छन् ।

यदि भारतले रुसी तेल किन्न जारी राख्यो भने युक्रेनमा रुसको सैन्य आक्रमणका लागि मस्कोको आम्दानी बन्द गर्ने उद्देश्यले ट्रम्पले नयाँ आयात भन्सार २५ प्रतिशतबाट दोब्बर गरेर ५० प्रतिशत पुऱ्याउने भनेपछि धेरैले गम्भीर रोजगारी हानिको चेतावनी दिएका छन् । एलारा सिक्योरिटिजका अर्थशास्त्री गरिमा कपुरले भनिन्, '५० प्रतिशत भन्सारमा भारतका कुनै पनि उत्पादनले प्रतिस्पर्धात्मक लाभ उठाउन सक्दैन ।'

विश्वको सबैभन्दा ठूलो कच्चा तेल आयातकर्ता भारतसँग आफ्नो हालको तेल आपूर्तिको करिब एकतिहाइ विदेशबाट प्रतिस्थापन गर्ने विकल्प खोज्न अगस्ट २७ सम्म समय छ । नयाँदिल्ली निर्यात पावरहाउस नभए पनि यसले सन् २०२४ मा लगभग ८७ अर्ब डलर मूल्यका सामानहरू संयुक्त राज्य अमेरिकामा निर्यात गरेको थियो ।

अब त्यो ५० प्रतिशत भन्सार शुल्कले रत्न र गहनादेखि कपडा र समुद्री खानासम्मका कम मार्जिन भएका श्रम-गहन उद्योगहरूलाई उल्टचाउने धम्की दिएको छ ।

ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभले सन् २०२५ मा कपडाजस्ता क्षेत्रमा अमेरिकी बिक्रीमा ६० प्रतिशतले गिरावट आउने अनुमान गरेको छ । निर्यातकर्ताहरूले समयसीमाअघि अर्डरहरू पूरा गर्न दौडिरहेको बताएका छन् ।

मुम्बईस्थित कपडा र पोसाक निर्यातकर्ता क्रिएटिभ ग्रुपका अध्यक्ष विजयकुमार अग्रवालले भने, 'अगस्ट २७ अघि जे पनि ढुवानी गर्न सक्छौं, हामी ढुवानी गरिरहेका छौं ।' उनको मुम्बईस्थित कपडा र गार्मेन्ट कम्पनीको अमेरिकी बजारमा लगभग ८० प्रतिशत निर्भरता छ । अग्रवालले यो केवल तत्कालको उपचारमात्र हो भनी चेतावनी दिए । समयसीमाभन्दा अघि सामान ढुवानी गर्दा समस्या 'समाधान' नहुने उनले बताए ।

'यदि यो समाधान भएन भने अराजकता हुने छ,' उनले भने । उनले आफ्ना १५ हजारदेखि १६ हजार कर्मचारीको भविष्यका लागि चिन्तित रहेको बताए । 'यो निकै निराशाजनक अवस्था हो... यो व्यापारको ठूलो क्षति हुने छ,' उनले भने ।

## उत्पादन विदेशमा सारिने

समस्या समाधानका लागि वार्ताहरू व्यवसायको पहुँचबाट टाढा भू-राजनीतिमा निर्भर छन् । ट्रम्पले शुक्रबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेट्ने तयारी गरेका छन् । यो सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमा पूर्ण आक्रमण सुरु गरेपछि दुई देशका राष्ट्रपतिहरू बीचको पहिलो प्रत्यक्ष भेटघाट हुने छ ।

मस्कोसँग लामो समयदेखि सम्बन्ध रहेको नयाँदिल्ली नाजुक अवस्थामा छ । ट्रम्पको करको धम्कीपछि प्रधानमन्त्री नरेन्द्र मोदीले पुटिन र युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्की दुवैसँग कुरा गरेर द्वन्द्वको 'शान्तिपूर्ण समाधान' गर्न आग्रह गरेका छन् । यसैबीच, अमेरिकी भन्सारको प्रभाव भारतमा पहिले नै महसुस हुन थालेको छ । केही अमेरिकी खरिदकर्ताहरूबाट नयाँ अर्डरहरू सुक्न थालेको व्यापारीहरूले बताएका छन् । यसले लाखौं डलरको भविष्यको व्यापार र संसारको पाँचौं ठूलो अर्थतन्त्रमा लाखौं मानिसको जीविकोपार्जनलाई खतरामा पारेको छ ।

विश्वव्यापी उत्पादन सञ्चालनका साथ भारतका सबैभन्दा ठूला पोसाक निर्माताहरूमध्ये केहीले आफ्नो अमेरिकी अर्डरहरू अन्यत्र सार्न खोजिरहेका छन् । शीर्ष निर्यातकर्ता पर्ल ग्लोबल इण्डस्ट्रिजले भारतीय मिडियालाई यसका केही अमेरिकी ग्राहकहरूले भियतनाम वा बंगलादेशजस्ता कम शुल्क भएका देशहरूमा अर्डरहरू उत्पादन गर्न आग्रह गरेको बताएको छ । ती मुलुकमा कम्पनीसँग उत्पादन सुविधाहरू पनि छन् । प्रमुख पोसाक निर्माता गोकलदास एक्स्पोर्टले ब्लुमबर्गलाई उसले १० प्रतिशत भन्सार रहेको इथियोपिया र केन्यामा उत्पादन बढाउन सक्ने बताएको छ ।

## स्थिरता

हालसालै मुडीजले भारतका लागि 'धेरै फराकिलो भन्सार अन्तर'ले 'सम्बन्धित लगानी आकर्षित गर्न हालैका वर्षहरूमा भएको केही लाभलाई उल्टचाउन पनि सक्छ' भनी चेतावनी दिएको छ । भारतको रत्न र गहना उद्योगले गत वर्ष १० अर्ब डलरभन्दा बढी मूल्यका सामानहरू निर्यात गरेको थियो र लाखौं मानिसलाई रोजगारी दिएको थियो ।

'अहिले केही भइरहेको छैन, सबै ठप्प छ, नयाँ अर्डरहरू रोकिएका छन्,' डि नवीनचन्द्र एक्सपोर्टका अजेश मेहताले भने, 'हामीले एक लाख ५० हजारदेखि दुई लाख कामदार प्रभावित हुने अपेक्षा गरेका छौं ।' रत्नहरू र अन्य महँगा गैरआवश्यक वस्तुहरू जोखिममा छन् । '१० प्रतिशत भन्सार अवशोषणयोग्य थियो- २५ प्रतिशत छैन, यो ५० प्रतिशतको त कुरै नगरौं,' मेहताले भने, 'दिनको अन्त्यमा, हामी विलासिताका उत्पादनहरूमा व्यापार गर्छौं, जब लागत एक बिन्दुभन्दा बढी जान्छ, ग्राहकहरूले कटौती गर्ने छन् ।'

केही अमेरिकी क्रेताहरूले ढुवानी रोक्न भनेका समुद्री खाद्य निर्यातकहरूले नयाँ ग्राहकहरूको आशा गरिरहेका छन् । 'हामी हाम्रा बजारलाई विविधीकरण गर्न खोजिरहेका छौं,' बेबी मरिन ग्रुपका साझेदार एलेक्स निनानले भने, 'संयुक्त राज्य अमेरिका अहिले पूर्णरूपमा बाहिर छ । हामीले हाम्रा उत्पादनहरूलाई वैकल्पिक बजारमा धकेल्नुपर्छ, जस्तै चीन, जापान... रुस अर्को बजार हो जसमा हामीले साँच्चै हेरिरहेका छौं ।' तथापि, यो त्यति सजिलो नभएको उनले चेतावनी दिए । 'तपाईं अचानक बजार सिर्जना गर्न सक्नुहुन्न,' उनले भने । *रासस/एएफपी*




### भारत 'अलिक हठी' छः अमेरिकी अर्थमन्त्री

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसबाट देशको तेल खरिदलाई उद्धृत गर्दै थप २५ प्रतिशत कर लगाउने घोषणा गरेको केही दिनपछि मंगलबार (स्थानीय समय) अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले भारत अमेरिकासँगको व्यापार वार्तामा 'अलिक हठी' भएको बताएका छन् ।

फक्स बिजनेस नेटवर्कको 'कुडलो' मा बेसेन्टले अक्टोबरसम्ममा कर वार्ता सम्पन्न गर्ने सम्भावनालाई स्वीकार गर्दै स्विट्जरल्याण्ड र भारतसहित अझै केही 'ठूला व्यापारिक सम्झौताहरू' हुन बाँकी वा सहमत हुन बाँकी रहेको पनि बताए ।

'त्यहाँ ठूला व्यापारिक सम्झौताहरू छन् जुन सम्पन्न हुँदैनन् र सहमत हुँदैनन् । स्विट्जरल्याण्ड अझै बाँकी छ; भारत अलिक हठी भएको छ । मलाई लाग्छ कि हामी सबै महत्त्वपूर्ण देशहरूसँग पर्याप्त सर्तहरूमा सहमत भएका छौं,' अक्टोबरसम्ममा कर वार्ता सम्पन्न गर्ने सम्भावनाबारे सोधिएको प्रश्नमा उनले भने, 'त्यो आकांक्षापूर्ण हो । मलाई लाग्छ हामी राम्रो स्थितिमा छौं ।'

अगस्ट ६ मा ट्रम्पले नयाँदिल्लीले रूसी तेल खरिद गरेको प्रतिक्रियामा भारतबाट आयातमा थप २५ प्रतिशत कर लगाउने कार्यकारी आदेशमा हस्ताक्षर गरे । यसले भारतमा कूल कर ५० प्रतिशतमा पुऱ्यायो ।

ह्वाइट हाउसले जारी गरेको आदेशअनुसार ट्रम्पले राष्ट्रिय सुरक्षा र विदेश नीतिका चिन्ताहरूका साथै अन्य सान्दर्भिक व्यापार कानुनहरूलाई उद्धृत गर्दै भारतले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा रूसी तेलको आयातले संयुक्त राज्य अमेरिकाका लागि 'असामान्य र असाधारण खतरा' खडा गरेको दाबी गरे । अतिरिक्त भन्सार शुल्क अगस्ट २७ देखि लागू हुने छ ।

विदेश मन्त्रालय (एमइए) ले अमेरिकाको अतिरिक्त भन्सार शुल्क लगाउने कदमलाई 'अनुचित, अन्यायपूर्ण र अव्याहारिक' भन्दै आलोचना गरेको छ र नयाँदिल्लीले 'आफ्नो राष्ट्रिय हितको रक्षा गर्न आवश्यक सबै कार्यहरू गर्नेछ' भनेको छ ।

ट्रम्पले भारतमा २५ प्रतिशत पारस्परिक भन्सार शुल्कको घोषणा गरेको केही दिनपछि यो घोषणा आएको हो । यो अगस्ट ७ देखि लागू भएको थियो । यसैबीच, ट्रम्पले यसअघि भन्सारसम्बन्धी विवाद समाधान नभएसम्म भारतसँग कुनै व्यापारिक वार्ता नहुने बताएका थिए ।

ओभल अफिसमा एएनआईले नयाँ ५० प्रतिशत भन्सारको प्रकाशमा वार्ता पुनः सुरु हुने अपेक्षा छ कि छैन भनेर सोध्दा उनले भने, 'होइन, हामीले यो समाधान नगरेसम्म होइन ।' *रासस/एएनआई*



कम्बोडियाको काण्डल प्रान्तमा नवनिर्मित टेको अन्तर्राष्ट्रिय विमानस्थलभित्र बुद्धको मूर्ति सफा गर्दै एक कामदार । *तस्बिरः एएफपी*

# दक्षिण कोरियाकी पूर्वप्रथम महिला किम पक्राउ

**सियोल–** दक्षिण कोरियाकी पूर्वप्रथम महिला किम किओन हीलाई पुँजी बजार प्रभावित गर्ने र भ्रष्टाचारलगायत विभिन्न अभियोगमा मंगलबार राति पक्राउ गरिएको छ । सियोल सेन्ट्रल डिस्ट्रिक्ट कोर्टले ५२ वर्षीय किमविरुद्ध पक्राउ पुर्जी जारी गर्न अभियोजकहरूको अनुरोधको पुनरावलोकन गरेको केही घण्टापछि उनलाई पक्राउ गरिएको हो ।

अभियोजकहरूले किमको कथित 'गैरकानुनी कार्य'बारे ८४८ पृष्ठ लामो राय पेस गरेपछि प्रमाण नष्ट गर्नसक्ने खतरा रहेको भन्दै पक्राउ पुर्जी जारी गरिएको हो । उनको पक्राउसँगै दक्षिण कोरियाको इतिहासमा पहिलोपटक एक पूर्वराष्ट्रपति र प्रथम महिला जेलमा परेका छन् । किममाथि लगाइएको अभियोगमा पुँजी बजार र वित्तीय लगानीसम्बन्धी कानुनका साथै राजनीतिक कोषसम्बन्धी कानुनको उल्लंघन गरेको पनि उल्लेख छ ।

गत डिसेम्बर ३ मा पूर्वराष्ट्रपति युन सुक योलले संसद्मा सैनिक तैनाथ गरी संसदीय प्रक्रिया अवरूद्ध पार्न खोजेको तर विपक्षी सांसदहरूले सुरक्षाकर्मीको हस्तक्षेपका बाबजुद् संसद्मा प्रवेश गरी उनको गैरकानुनी कदमविरूद्ध मतदान गरेका थिए । पछि उनीविरूद्ध महाभियोगको प्रस्ताव दर्ता गरिएको थियो भने महाभियोगको प्रस्ताव दुईतिहाइ मतले पारित भएपछि उनलाई पक्राउ गरिएको थियो ।

पूर्वराष्ट्रपति योलले आश्चर्यजनक सैनिक शासन घोषणा गरेपछि भएको यो गिरफ्तारी दक्षिण कोरियाको इतिहासमा नै पूर्वराष्ट्रपति र पूर्वप्रथम महिला दुवैजना बन्दी बनेको पहिलो घटना हो । पूर्वउच्च अभियोजकसमेत रहेका पूर्वराष्ट्रपति यूनलाई गत अप्रिलमा महाभियोग लगाइएको थियो र मार्शल ल को घोषणाको कारण पदबाट हटाइएको थियो । उनको पक्राउपछि रिक्त रहेको राष्ट्रपति पदका लागि जुनमा मध्यावधि चुनाव भएको थियो ।



जुलाई १० मा पक्राउ परेका पूर्वराष्ट्रपति यून अहिले हिरासतमा छन् । बुधबार सरकारी वकिलको कार्यालय पुगेकी किमले भनिन्, 'कुनै महत्त्वको व्यक्ति नभए पनि राष्ट्रका लागि समस्या सिर्जना गरेको भए म क्षमायाचना गर्दछु ।' पुँजी बजार हेरफेरमा भूमिका खेलेको विवादले लामो समयदेखि किमलाई घेरेको छ । सन् २०२२ मा एक जना बामपन्थी पास्टरले उनलाई दिएको डायर ह्याण्डब्याग उपहारसहितको भिडियो खिचेपछि सार्वजनिक आलोचना सुरु भएको थियो । उनीमाथि युनको पार्टीमा सांसदहरूको मनोनयन प्रक्रियामा हस्तक्षेप गरेको आरोप पनि लगाइएको छ, जुन निर्वाचन कानुनको उल्लंघन हो ।

राष्ट्रपतिका रूपमा युनले विपक्षी नियन्त्रित संसदले पारित गरेका तीन वटा विशेष अनुसन्धान विधेयकमा भिटो लगाएका थिए । जसमा किममाथि लागेको आरोपको छानबिन गर्न खोजिएको थियो । त्यसको एक हप्तापछि युनले असफल सैनिक शासनको घोषणा गरेका थिए ।

जेलको नियमअनुसार किमले आफ्नो सामान्य लुगाबाट जेलको खाकीको कपडा लगाउनुपर्ने छ भने कैदीको नम्बर पनि तोक्नु पर्ने छ । दक्षिण कोरियामा गर्मीको लहर चलिरहँदा पूर्वप्रथम महिलालाई १० वर्ग मिटर (१०७ वर्ग फिट) को एकान्त कक्षमा राखिएको छ, जसमा पंखा छ तर वातानुकूलन छैन । जेलको आधिकारिक तालिका अनुसार उनलाई रोटी, जाम र ससेजसहित नियमित ब्रेकफास्ट दिइएको थियो । स्थानीय सञ्चारमाध्यमका अनुसार उनको कोठामा खान र पढ्नका लागि एउटा सानो टेबल, एउटा शेल्फ, एउटा सिंक र एउटा शौचालय छ, तर ओछ्यान छैन ।

उनलाई सामान्यतया उनका पतिसरह नै कैदीगृहमा राखिने भएता पनि अभियोजकहरूले सोमबार उनलाई २० किलोमिटर टाढाको छुट्टै हिरासतमा राख्न अनुरोध गरेका थिए ।

पक्राउ पुर्जी जारी भएपछि प्रथम महिलाको पूर्वराष्ट्रपतिको परिवारका लागि दिइएको सुरक्षा सेवाको सुरक्षा तुरुन्तै समाप्त गरिएको थियो । कानुनविद् किम नाम-जुले एएफपीसँग कुरा गर्दै अभियोजनकर्ताले किमलाई २० दिनसम्म थुनामा राख्न सकिने बताएका छन् । वकिल नाम-जुले भने, 'किममाथि अभियोगअनुसार उहाँलाई कम्तीमा छ महिनासम्म हिरासतमा राख्न सकिने छ ।' पूर्वप्रथम महिलाले वारेन्टलाई गैरकानुनी भन्दै अदालतमा चुनौती दिनसक्ने व्यवस्था दक्षिण कोरियाको कानुनी प्रावधान छ । *रासस/एएफपी*


**कुवेतमा रोजगार** कम्पनी : FOODLABS CO. FOR FOOD SUPPLY

पूर्व स्वीकृति मिति : २०८२/०४/२७ LT. No. 329151 चलानी नं. ६०२४२९२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 18 | 0 | 120 | ५५,१०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 1 | 0 | 150 | ६८,८७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ५ गते (21st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क रू. | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082

Sultan Gulf Oversease Pvt. Ltd.

Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No.9851003623, 9857071474, Email: sultangulfoverseas1723@gmail.com



**जापानमा रोजगार** कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०४/२७ LT. No. 328937 चलानी नं. ६०२४२९५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION EQUIPMENT | 3 | 0 | 199474 | १,८९,२०४ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०४/२७ LT. No. 328936 चलानी नं. ६०२४२९५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 230066 | २,१८,२२० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ५ गते (21st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क रू. | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.

Airport, Shambhu Marg-4, Kathmandu, Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com


# म्यान्माको जुन्ताले 'व्यवस्थित' यातना दिइरहेको राष्ट्रसंघको रिपोर्ट

**यांगुन–** संयुक्त राष्ट्रसंघका अनुसन्धानकर्ताहरूले म्यान्माको सेना (जुन्ता) द्वारा सञ्चालित हिरासत सुविधाहरूमा कुटपिट, बिजुलीको झट्का र सामूहिक बलात्कारसहित 'व्यवस्थित' यातना रेकर्ड गरेको बताएका छन् ।

सन् २०२१ को विद्रोहमा सेनाले नागरिक सरकारलाई अपदस्थ गरेपछि म्यान्मा गृहयुद्धको चपेटामा परेको छ । यहाँ सेनाले प्रजातन्त्र समर्थक गुरिल्ला र जातीय सशस्त्र समूहहरूसँग लडिरहेको छ । असिस्टेन्स एसोसिएसन फर पोलिटिकल प्रिजनर्स मोनिटर समूहका अनुसार लडाइँसँगै दमनकारी कारबाही भएको छ जसमा करिब ३० हजार मानिस पक्राउ परेका छन् ।

म्यान्माका लागि संयुक्त राष्ट्रसंघको स्वतन्त्र अनुसन्धान संयन्त्र (आइआइएमएम) को एउटा प्रतिवेदनले 'सोधपुछका क्रममा र हिरासत सुविधाहरूमा गम्भीर दुर्व्यवहार' भएको पहिचान गरेको बताएको छ । लगभग ६०० प्रत्यक्षदर्शीको गवाहीमा आधारित मंगलबार जारी गरिएको आइआइएमएमको वार्षिक प्रतिवेदनमा लगाइएका आरोपहरूमा टिप्पणीका लागि जुन्ताका प्रवक्तासँग सम्पर्क हुन सकेन ।

'यौन दासत्व', 'चुरोट वा जलेका वस्तुहरूले यौन अंगहरू जलाउने' र चिम्टाले नङहरू निकाल्नेलगायत यातनाको 'व्यवस्थित कार्यान्वयन' भएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनले 'दुईदेखि १७ वर्ष उमेरका बालबालिकाहरूलाई प्रायः आफ्ना आमाबाबुको प्रतिनिधिका रूपमा हिरासतमा राखिएको' संकेत गर्ने प्रमाण पनि फेला पारेको छ ।

'हिरासतमा लिइएका केही बालबालिकाहरू यातना, दुर्व्यवहार वा यौन तथा लैंगिक अपराधको सिकार भएका छन्,' प्रतिवेदनमा भनिएको छ ।

आइआइएमएमका प्रमुख निकोलस कौमजियानले संगठनले 'अत्याचारको आवृत्ति र क्रूरतामा निरन्तर वृद्धि' देखेको तर 'अपराधीहरूको पहिचानमा प्रगति' गरेको बताए । 'हामी त्यो दिनका लागि काम गरिरहेका छौं जब अपराधीहरूले कानुनी अदालतमा आफ्नो कार्यका लागि जवाफ दिनुपर्ने छ,' उनले भने ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतका प्रमुख अभियोजकले निर्वाचित नेता आङ सान सुकीलाई अपदस्थ गरी जेल हाल्ने जुन्ता प्रमुख मिन आङ ह्लाइङका लागि गिरफ्तारी वारेन्टको अनुरोध गरिसकेका छन् । त्यो वारेन्ट अनुरोध सन् २०१७ मा म्यानन्माको रोहिंग्या अल्पसंख्यकमाथि सेनाले गरेको कथित् अत्याचारसँग सम्बन्धित छ । म्यान्माको गृहयुद्धका सबै पक्षमाथि युद्ध अपराध गरेको आरोप लगाइएको छ र आइआइएमएम प्रतिवेदनले विपक्षी समूहहरूले बन्दीहरूलाई संक्षिप्त मृत्युदण्ड दिएको मुद्दाहरू पनि पहिचान गरेको बताएको छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९६७०० | प्रति तोला – ० | प्रति तोला – २३२५ |



**ढोरपाटनमा भेडा किनमेल** | बागलुङको ढोरपाटन उपत्यकामा भेडाको किनबेच गर्दै उपभोक्ता र किसान । लेकाली क्षेत्रको बुकीमा पोषिलो घाँस खाएका भेडा मासुका साथै पूजाआजामा बलि दिन प्रयोग गरिन्छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# 'लोडसेडिङ नेपालका लागि विगत भइसक्यो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले लोडसेडिङ अब नेपालका लागि विगत भइसकेकाले यससम्बन्धी हल्ला निरर्थक भएको स्पष्ट पारेका छन् । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै उहाँले अस्थायी अवरोध प्रणालीगत सुधार र उत्पादनलाई तीव्रताकासाथ अगाडि बढाइएकाले अब लोडसेडिङ नहुने विश्वास व्यक्त गरे ।

ऊर्जामन्त्री खड्काले भने, 'नेपालले विद्युत् उत्पादन र बिक्री वितरणमा गरेको उपलब्धिका आधारमा स्पष्ट रूपमा भन्न सकिन्छ, लोडसेडिङ अब नेपालको विगतको विषय भइसक्यो । यसको पुनरावृद्धि कुनै सम्भावना देखिँदैन । अब, लोडसेडिङको कल्पना गर्नु पनि निरर्थक भइसकेको छ । मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणले पटक-पटक सार्वजनिक रूपमा स्पष्ट गरिरहेको छ, की हाल देशमा लोडसेडिङ छैन ।'

मन्त्री खड्काले छिमेकी मुलुकमा विद्युत् निर्यात बढाउन दीर्घकालीन रणनीतिक कार्ययोजना तयार गरी कार्य गर्नुपर्ने आवश्यकता



औंल्याए । देशभर हाल नियमित विद्युत् आपूर्ति भइसकेको र कतिपय स्थानमा देखिएका अस्थायी अवरोध प्रणालीगत सुधारमार्फत समाधान हुँदै आएको उनले उल्लेख गरे ।

ऊर्जामन्त्री खड्काले आन्तरिक खपतपश्चात भारत र बंगलादेशमा बिक्री गरिरहेको र गतवर्ष मात्रै भारतमा २३ सय ८० मेगावाट र बंगलादेशमा ३० मेगावाट विद्युत् निर्यात गरिएको जानकारी दिए । उनका अनुसार हाल हाल रु १७ अर्ब ७२ करोड बराबरको विद्युत् निर्यात भइरहेको छ । साथै, रु १२ अर्ब ९२ करोड बराबरको जलविद्युत् आयात भइरहेको छ । नेपालले झण्डै रु पाँच अर्ब बराबरको मुनाफा लिइरहेको छ ।

मन्त्री खड्काका अनुसार आफूले मन्त्रालयको जिम्मेवारी सम्हाल्दा देशको कूल विद्युत् जडित क्षमता करिब ३२ सय मेगावट रहेकामा हाल सो क्षमता बढेर झण्डै ३९ सय मेगावाड पुगेको छ । प्रतिव्यक्ति विद्युत् खपत चार सय युनिटबाट बढेर झण्डै चारसय ६० युनिट खपत भइरहेको उनले बताए ।

मन्त्री खड्काले वर्तमान देशको अधिकतम विद्युत् माग करिब दुई हजार चार सय मेगावाट रहेको र वर्षायाममा विद्युत् उत्पादनको सो मागभन्दा बढी हुने बताए । उनले हालको अवस्थामा आन्तरिक विद्युत् खपत्पश्चात नेपालले करिब नौ सय मेगावाट विद्युत् भारतबाट निर्यात भइरहेको र निकट भविष्यमा सो संख्या बढ्ने र अहिले झण्डै अहिले १२ सय मेगावाटको निर्यातका लागि अनुमति प्राप्त भइसकेको जानकारी दिए ।

त्यस्तै ४० मेगावाट विद्युत् बंगलादेश पनि निर्यात भइरहेको छ । आगामी दिनमा सो परिणाम बढाउँदै लैजाने तयारी छ । ऊर्जामन्त्री खड्काले सरकारको नेतृत्व वा मन्त्री परिवर्तन हुनु स्वभाविक लोकतान्त्रिक प्रक्रिया भए पनि सोका कारण हो ।

मन्त्रालयले दीर्घकालीन ऊर्जा रणनीति, दिगो विकास लक्ष्य, पूर्व स्वीकृति राष्ट्रिय योजनालगायत आयोजनासँग सम्बन्धित हुनेगरी नीति निर्माण तथा कार्यान्वयनलाई संस्थागत निरन्तरता दिँदै आएको उनले बताए । मन्त्री खड्काले ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रमामा जस्तो पूर्वाधार विकासमा आवश्यक दीर्घकालीन र लगानी परिचालनका सन्दर्भमा नीतिगत स्थिरता, पारदर्शीता तथा संस्थागत निर्णय प्रक्रियाको पालना गरेर मन्त्रालय अगाडि बढेको स्पष्ट पारे । उनले मुलुकका केही क्षेत्रबाहेक देशभर विद्युत् आपूर्ति सहज ढंगले भइरहेको जानकारी दिए ।

# जलगदुल्ला जलविद्युत् आयोजनाको ठेक्का सम्झौतामा हस्ताक्षर

■ प्रभाव संवाददाता

**काठमाडौं–** कर्णाली प्रदेशको आर्थिक विकास र समृद्धिका लागि महत्वपूर्ण मानिएको जगदुल्ला जलविद्युत् आयोजना निर्माण प्रक्रिया अब भने अगाडि बढ्ने भएको छ । बोलपत्र प्रक्रियामा रहेको उल्झन तथा अनेकन विवादका कारण तोकिएको भन्दा ठीक एक वर्ष ढिला गरेर आयोजनाको प्रवर्द्धक कम्पनी र निर्माण व्यवसायीबीच निर्माणसम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ ।

कूल १०६ मेगावाट क्षमताको उक्त आयोजना निर्माणका लागि निर्माण व्यवसायीसँग सम्झौता भए लगत्तै मार्ग प्रशस्त भएको प्रवर्द्धक कम्पनी जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले जानकारी दिए । उनले जगदुल्ला हाइड्रोपावर र जेसीई/एएनके जेभीबीच निर्माणसम्बन्धी सम्झौता भएको जानकारी दिए ।

प्रवर्द्धक कम्पनी र जेसीई/एएनके जेभीबीच रु १२ अर्ब १८ करोड बराबरको निर्माण सम्झौता भएको उनले उल्लेख गरे । प्रवर्द्धक कम्पनीले २०८१ जेठ २० गते सिभिल र हाइड्रोमेकानिकल संरचना निर्माणका बोलपत्रको सूचना प्रकाशित गरेको थियो । सो सूचनामा विभिन्न सात कम्पनीले प्रारम्भिक प्रस्ताव दर्ता गरेको भएपनि कुनै कम्पनी छनोट हुन सकेको थिएन । दोस्रो पटकको सूचनामा दुई कम्पनी ग्राह्य भएका थिए । त्यसमध्ये सबैभन्दा कम बोलपत्र प्रस्ताव गर्ने जेसीई/एएनके जेभी योग्य भएको हो ।

> आयोजना निर्माणका लागि रु २३ अर्ब बराबर लाग्ने अनुमान छ । त्यसमध्ये रु १६ अर्ब ऋण र रु सात अर्ब भने स्वपूँजीबाट जुटाइएको छ । निर्माण सुरु भएको पाँच वर्षमा विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको सो आयोजनामा कर्णाली प्रदेश सरकारको समेत लगानी छ ।

यो आयोजना निर्माणका लागि २०८१ जेठमा नै वित्तीय व्यवस्थापन भएको थियो । सो आयोजनाका नबिल बैंकको नेतृत्वमा सहवित्तीयकरणसम्बन्धी सम्झौता भएको थियो । सम्झौताअनुसार, नबिल बैंकले रु चार अर्ब ४० करोड लगानी गर्ने भएको छ । यस्तै, हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडीसीएल), कर्मचारी सञ्चयकोष, लक्ष्मी सनराइज र एभरेष्ट बैंकले लगानी गर्ने छन् । आयोजनामा एचआइडीसीएल र कर्मचारी सञ्चय कोषले समान रु चार/चार अर्ब लगानी गर्ने छन् । यस्तै, लक्ष्मी सनराइज बैंकले रु दुई अर्ब र एभरेष्ट बैंकले रु एक अर्ब ५० करोड बराबर लगानी गर्नेछ ।

आयोजना निर्माणका लागि रु २३ अर्ब बराबर लाग्ने अनुमान छ । त्यसमध्ये रु १६ अर्ब ऋण र रु सात अर्ब भने स्वपूँजीबाट जुटाइएको प्रमुख कार्यकारी अधिकृत सापकोटाले जानकारी दिए । निर्माण सुरु भएको पाँच वर्षमा विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको सो आयोजनामा कर्णली प्रदेश सरकारको समेत लगानी छ । सोही कम्पनीले १२० मेगावाट जगदुल्ला 'ए' जलविद्युत् आयोजना समेत निर्माण गर्न लागेको छ ।


नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेको जगदुल्ला नेपालको पानी जनताको लगानी भन्ने मूल नाराका साथ स्थापना भएको हो । आयोजना स्थल नेपालगञ्जबाट २३८ किलोमिटर टाढा रहेको छ । आयोजनाको बाँधस्थल जगदुल्ला गाउँपालिकाको हुरीकोटमा पर्दछ । जहाँ २३ मिटर अग्लो र ३८ मिटर लामो ब्यारेजको प्रस्ताव गरिएको छ । आयोजनाको क्याचमेन्ट एरिया छ सय ३३ दशमलव ८३ वर्ग किलोमिटर रहेको छ ।

## लगातार घट्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)–** सेयर बजार पनि दोहोरो अंकले घटेको छ । सातामा तेस्रो दिन खुलेको बजार बुधबार १०.५० अंकले घटेको हो । योसँगै २७८५.७४ अंकमा झरेको छ । आज बजारमा ६ अर्ब १६ करोडको कारोबार भएको छ ।

बजारमा ८९ वटा कम्पनीको मूल्य घट्दा १५९ वटाको मूल्य घटेको छ भने एउटा कम्पनीको मूल्य स्थिर रहेको छ । बजारमा समूहगत सूचकको अवस्था भने मिश्रित देखियो । १३ मध्ये ४ वटा समूहको सूचक घट्दा बाँकी ९ वटा सूचक घटेका छन् । ट्रेडिङ समूहमा सबैभन्दा धेरै १.५० प्रतिशत गिरावट हुनु बाहेक घटबढ भएका सबै समूहको वृद्धि वा गिरावट १ प्रतिशत भन्दा कम छ । बजारमा मायाखोला हाइड्रोपावरको सबैभन्दा धेरै ५.७४ प्रतिशतले बढेको छ । कुमारी बैंकको डिवेञ्चर २०८६ को मूल्य ९.४८ प्रतिशतले घटेको छ ।

## नागरिक लगानी कोषको योजनामा नेरूडे मिर्मिरे र उपकार लघुवित्त आबद्ध



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान तथा पेन्सन योजनामा नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था र उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड आवद्ध भएका छन् । नेरुडे लघुवित्तमा कार्यरत करिब १ हजार १ सय जना कर्मचारी रहेका छन् भने उपकार लघुवित्तमा एकसय भन्दा बढी कर्मचारी रहेका छन् ।

कोषको यस योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन सक्ने व्यवस्था रहेको छ । यसअन्तर्गत योगदानमा वा गैर योगदानमा आधारित भएर संघ-संस्थाले उपदान कोष व्यवस्थापन गर्न सक्नेछन् । सोही व्यवस्था अनुसार दुवै लघु वित्त वित्तीय संस्था कोषको उपदान योजनामा आवद्ध भएका हुन् । यसअघि पनि कोषसँग नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड आवद्ध भइसकेको छ ।

कोषले २०५५ देखि सुरु गरेको उपदान तथा पेन्सन योजनामा विभिन्न संगठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारको उपदान तथा पेन्सनबापतको रकम संकलन गरी लगानी गर्ने र कर्मचारी निवृत भएपछि भुक्तानी गर्ने गरिएको छ । यस योजनामा योगदानमा आधारित र गैर योगदनामा आधारित रकम जम्मा गरी सहभागी हुन सकिने व्यवस्था छ ।

हाल यस योजनामा १ हजार १५० संगठित संस्था र त्यस्ता संस्थामा कार्यरत करिब ३३ हजार कर्मचारी सहभागी रहेका छन् । यस योजनामा व्यक्तिगत सहभागिता जनाउने कर्मचारीहरूले आवास कर्जा सुविधा, घर मर्मत, पुनर्संरचना, पुनर्तालिकीकरण र घर सजावटका लागि कर्जा सुविधा पाउनु हुनेछ ।

# तीन तहको समन्वयमा कार्यसम्पादनः उद्योगमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले संघ, प्रदेश र स्थानीय तहमा सम्पादन हुने कामहरूलाई प्रभावकारी बनाउन समन्वयात्मक ढंगबाट सम्पादन गर्ने प्रणालीको विकास गरिएको बताएका छन् । प्रतिनिधिसभाको बैठकमा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिँदै मन्त्री भण्डारीले तीनतहको सरकारबीचको समन्वयलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तह ऐन, २०७७ को व्यवस्थाअनुरूप उद्योगमन्त्रीको अध्यक्षतामा विषयगत समितिको बैठक आगामी भदौ दोस्रो साता सम्पन्न गर्नेगरी तयारी भइरहेको जानकारी दिए ।

उद्योगमन्त्री भण्डारीले भैरहवा र सिमरामा विशेष आर्थिक क्षेत्र (सेज) सञ्चालनमा रहेको उल्लेख गर्दै भैरहवा सेजमा रहेका सबै प्लटहरूमा उद्योग स्थापनाको लागि अनुमति प्रदान गरिसकिएको जानकारी दिए । भैरहवा सेजबाट निर्यात बिक्री रु चार अर्ब ४५ करोड, आन्तरिक बजारमा बिक्री रु दुई अर्ब २० करोड गरी कूल रु छ अर्ब ६५ करोड रकम बराबरको उत्पादन बिक्री भइसकेको उनले जानकारी दिए ।

मन्त्री भण्डारीले सिमरा विशेष आर्थिक क्षेत्रको सबै प्लटहरूमा उद्योग स्थापनाको लागि अनुमति प्रदान गरिएको जानकारी दिँदै हालसम्म सिमरा सेजबाट कूल रु एक अर्ब छ करोड रकम बराबरको उत्पादन बिक्री भइसकेको बताए । उनले सिमरा ब्लक 'बि' र 'सी' तथा पाँचखाल सेजलाई सार्वजनिक निजी साझेदारी (एएए) ढाँचामा सञ्चालनका लागि मन्त्रिपरिषद्बाट स्वीकृति प्रदान भई सिमरा सेजको प्रस्ताव आव्हान गर्ने तयारीमा रहेको र पाँचखाल सेजको लगानी बोर्ड नेपालको कार्यालयमार्फत प्रस्ताव आह्वान भइ मूल्यांकन प्रक्रियामा रहेको जानकारी दिए ।

विशेष आर्थिक क्षेत्रमा उद्योगहरू स्थापना भई आर्थिक गतिविधि थप चलायमान भएको, निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याएको, देशको औद्योगिक विकास तथा रोजगारी सिर्जना गर्ने कार्यमा सेजको महत्वपूर्ण योगदान रहेकाले विशेष आर्थिक क्षेत्रको औचित्य पुष्टि हुँदै गएको उनले उल्लेख गरे ।

मन्त्री भण्डारीले मन्त्रालयअन्तर्गतका सार्वजनिक संस्थानहरूको परिचालन गरी अत्यावश्यकीय वस्तु सुनिश्चित गरिएको तथा अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न बजारमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने गरिएको र सो प्रयोजनका लागि सम्बद्ध निकायहरूलाई तयारी अवस्थामा राखिएको जानकारी दिए । उनले तोकिएका २६ दुर्गम जिल्लाका ५९ 'डिपो'बाट अनुदानको खाद्यान्न (चामल) ढुवानी तथा वितरण भइरहेको, तोकिएका १७ दुर्गम जिल्लाको ६१ स्थानबाट ढुवानी अनुदानको आयोडिनयुक्त नून बिक्री वितरण भइरहेको पनि जानकारी दिए ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडअन्तर्गत राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २३ हजार ९७ मेट्रिक टन र सार्क खाद्य सुरक्षा बैंकमा आठ हजार मेट्रिक टन खाद्यान्नको मौज्दात रहेको उनले बताए । यसैगरी वाणिज्य विभागबाट नियमित बजार अनुगमन, कालो बजारी, कृत्रिम अभाव तथा सिन्डिकेटजस्ता गैरप्रतिस्पर्धी तथा वस्तुको मूल्यवृद्धि गराउने र अभाव सिर्जना गर्नेजस्ता कार्य उपरकारवाही समेत गरिएको जानकारी दिए ।

चाडवाडको समयमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत ४२ जिल्लाका ६१ स्थान र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत २२ जिल्लामा सुपथ मूल्य पसल सञ्चालन गरिएको र सो कार्यलाई हरेक आर्थिक वर्षमा निरन्तरता दिने गरिएको छ ।

उपभोक्ताको हक हितको संरक्षण गर्ने उद्देश्यले काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला हेर्नेगरी काठमाडौंको त्रिपुरेश्वरमा मुकाम कायम गरी उपभोक्ता अदालत सञ्चालनमा आएको छ । हालको अवस्थामा पेट्रोल (१३ दिन), डिजेल (१२ दिन), हवाई इन्धन (१२ दिन) र मट्टीतेल (५६ दिन) को आवश्यकता धान्न सक्ने भण्डारण क्षमता रहेको उनले जानकारी दिए । मन्त्री भण्डारीले घरेलु तथा साना उद्योग नीति, २०८१ र 'सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१' मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ